# उदयपुरगढी गाउँपालिका

# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

## Local Disaster and Climate Resilience Plan( LDCRP)

२०७९

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

उदयपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर

CamScanner

**निर्माण निर्देशिका** : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, मस्यौदा [illegible]

**Local Disaster and Climate Resilience Planning Guidelines (LDCRP -2074)**

**दस्तावेज :** स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७९, उदयपुरगढी गाउँपालिका उदयपुर

**प्रकाशक :** स्थानीय विपद् व्यवस्थापन समिति, उदयपुरगढी गाउँपालिका,उदयपुर

**प्रकाशन मिति :** प्रथम पटक प्रकाशन मिति २०७९

**प्राविधिक सहयोग** : यो योजनाको निर्माण उदयपुरगढी गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति, Action Against Hunger र साहारा नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको हो।

**सर्वाधिकार :**

**आर्थिक तथा प्राविधिक सहयोग :**

**उदयपुरगढी गाउँपालिका**

## विपद् व्यवस्थापनमा प्रयोग हुने केही महत्वपूर्ण शब्दावली

| नेपाली शब्द | अङ्ग्रेजी शब्द |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीन व्यवस्थापन | Emergency Management |
| सामना क्षमता | Coping Capacity |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| विपद जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| वातावरणीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुनर्लाभ | Recovery |
| उत्थानशील | Resilience |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofitting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| सङ्कटासन्न / सङ्कटासन्नता | Vulnerable/Vulnerability |
| मूलभूत मानवीय मापदण्ड | Core Humanitarian Standards - |
| जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र | District Emergency Operations Centre |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना | Local Disaster and Climate Resilience Plan |
| स्थानीय विपद् व्यवस्थापन समिति | Local Disaster Management Committee |
| स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र | Local Emergency Operations Centre |
| सङ्कटासन्नता र क्षमता विश्लेषण | Vulnerability and Capacity Assessment |



मान बहादुर केशाकी मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

CamScanner

# उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### उदयपुर

पत्र सङ्ख्या
चलानी

मिति:

## शुभकामना सन्देश

विपद् जोखिम न्यूनीकरणका कार्यलाई विकास योजनाहरूमा मूलप्रवाहीकरण भएको सुनिश्चित ग सङ्कटासन्न व्यक्ति वा समुदायमा प्रकोपको असर न्यूनीकरण गर्नका साथै विपद् जोखिम व्यवस्था कार्यलाई प्रभावकारी बनाउने अभिप्रायले **स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७९**, योज निर्माण गरिएको छ । यो योजनाले आउन सक्ने सम्भावना भएका प्रकोपहरूका असरहरू कम गर्न विकासका कार्यक्रम तथा योजनाहरूमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै लैजा गाउँपालिकाको नीति रहेको छ ।

विपद्बाट हुने जनधनको क्षति तथा जोखिमलाई कम गर्ने साथै सहभागितामूलक प्रक्रियाबाट पहिचान गरिएका योजनाहरुलाई मूर्तरूप दिई पूर्वतयारीका कार्यहरू गरी विपद् जोखिम न्यूनीकरणका कार्यला विकास योजनाहरूमा मूलप्रवाहीकरण भएको सुनिश्चित गर्दै प्राकृतिक प्रकोपबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्नका साथै प्रकोपबाट बच्नका लागि पूर्वतयारी र भविष्यमा हुन सक्ने प्रकोपहरूको प्रतिकू असर कम गर्न यो योजनाले सहयोग पुऱ्याउने कुरामा आशावादी छु ।

योजना तयार गर्नका लागि नेतृत्व र समन्वय गर्नु हुने गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति कर्मचारीहरू, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू, साथै यो योजना तयार गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउन Action Against Hunger र साहारा नेपाललगायत यस योजना निर्मा प्रक्रियामा संलग्न सबै सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

मान बहादुर फेप्छाकी मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उदयपुर

पत्र सङ्ख्या
चलानी

मितिः

## शुभकामना सन्देश

उदयपुर जिल्ला अन्तर्गतका विपद्का दृष्टिकोणले अति प्रभावित पालिकाहरूमध्ये उदयपुरगढी गाउँपालिका वहु प्रकोपको दृष्टिकोणले प्रभावित र जोखिममा रहेको गाउँपालिका हो। वर्सेनी यस गाउँपालिकाले विभिन्न किसिमका विपद् सम्वन्धी घटनाकै कारणले मानवीय तथा जनधनको क्षति व्यहोर्दै आइरहेको कुरा हामी सवैलाई अवगत नै छ। साथै विगतका बर्षदेखि उदयपुरगढी गाउँपालिकासँग रहेको समिति साधन र स्रोतको परिचालन गरी विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्दै आइरहेको छ। सङ्कटासन्न व्यक्ति वा समुदायमा प्रकोपको असर न्यूनीकरण गर्नका साथै विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउने अभिप्रायले यस गाँउपालिकाको **स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७९,** योजना निर्माण गरिएको छ। विकासका गतिविधिहरूमा विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरूलाई मूलप्रवाहीकरण गर्न र विपद्पश्चात् प्रभावितहरूको उचित व्यवस्थापन गर्न यस योजनाले मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ।

यो योजना तयार गर्नका लागि नेतृत्व र समन्वय गर्नु हुने गाउँपालिकाका पदाधिकारीहरू,कर्मचारीहरू, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू साथै आर्थिक तथा प्राविधिकरूपले सहयोग पुऱ्याउने Action Against Hunger र साहारा नेपाल लगायत यस योजना निर्माण प्रक्रियामा संलग्न सवै सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

जित वहादुर खड्का
उपाध्यक्ष

उदयपुरगढी गाउँपालिका

जित बहादुर खड्का
उपाध्यक्ष



CamScanner

# उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### उदयपुर

पत्र सङ्ख्या
चलानी

मिति

## शुभकामना सन्देश

विपद भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई  जन वा धनको क्षतिको साथै जीवनयाप… वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैरप्राकृतिक संकटलाई सम्झनु पर्छ । विपद् प्रतिकार्य भन्… विपद्का घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवं राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ उदयपुरग… गाउँपालिका बहुपकोपको जोखिमयुक्त पालिका रहेको व्यहोरा तथ्यहरुले प्रष्ट गरेको सन्दर्भमा निर्माण… गइरहेको **स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७९,** ले विपद्को घटना न्युनिकरण, धनजन… सुरक्षा हुनेमा आशावादी छु । अवको विकास भनेको वातावरणमैत्री हुनुपर्छ । सुरक्षित र दीगो विकास… अवधारणाले विपद कुनै पनि बेला अवश्यम्भावी रहेको सम्झि सो विपद्लाई पनि धान्ने योजना तथा कार्य… सञ्चालन गर्नुपर्ने सिफारीस गर्दछ । यस **स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७९** … औंल्याएका पूर्व तयारी र प्रतिकार्यका लागि आवश्यक आर्थिक, भौतिक र मानवीय स्रोत र साधनको पर्या… सुनुश्चितता गर्ने कार्यमा तीनै तहको सरकारको ध्यान पुग्नु पर्ने जरुरी देखिन्छ । विपद् परेपछिको उद्धार… राहतकार्यमा मात्र सकृय हुने गरेका स्थानीय तहहरूले विपद्का सम्भावित घटनाहरूको परिकल्पना, उ… संभावित क्षेत्र पहिचान गरी सजगता अपनाउन, सशक्तिकरण, पूर्वतयारी गर्न र पराएको बेला उद्वार र उ… पछिको व्यवस्थापनमा सहजता मिलोस भन्ने अभिप्रायले यस गाउँपालिकामा समेत बनिरहेको यस स्थानी… **विपद् तथा जलवायु उत्थानशील योजना-२०७९,** निर्माणमा महत्वपूर्ण योगदान दिने स्थानीय वि… व्यवस्थापन समिति, Action Againt Hunger र सहारा नेपाललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत
उदयपुरगढी गाउँपालिका

राई
…ीय अधि…

## शब्द सङ्क्षेप

| | |
|---|---|
| गा. पा. | गाउँपालिका |
| स्था. वि.व्य. ज.उ. स | स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समिति |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| जि.प्र.का: | जिल्ला प्रशासन कार्यालय |
| जि.भू.का: | जिल्ला भू-संरक्षण कार्यालय |
| जि.प्र.का: | जिल्ला प्रहरी कार्यालय |
| जि.व.का: | जिल्ला वन कार्यालय |
| ज.स्वा.का: | जनस्वास्थ्य कार्यालय |
| गै.स.सं. | गैरसरकारी संस्था |
| स्वा.से | स्वास्थ्य सेवा |
| स.प्र.ब: | सशस्त्र प्रहरी बल |
| उ.मा.वि: | उच्च माध्यमिक विद्यालय |
| मा.वि: | माध्यमिक विद्यालय |
| प्रा.वि: | प्राथमिक विद्यालय |
| DPRP | District Disaster Preparedness and Response Plan |
| VCA | Vulnerability Capacity Assessment |
| CCA | Climate Change Adaptation |
| NGO | Non Government Organization |
| INGO | International Non Governemnt Organization |
| LDCRP | Local Disaster and Climate Resilience Plan |
| एल.डि.सि.आर.पि | स्थानीय विपद् तथा जलवायु परिवर्तन उत्थानशील योजना |
| आ.व. | आर्थिक वर्ष |
| DRR | Disaster Risk Reduction |
| सा. व . | सामुदायिक वन |



मान बहादुर क्षेत्री मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

## विषय-सूची


खण्ड १: परिचय ........ 10

- १.१ परिचय ........ 10
- १.२ उदयपुरगढी पालिकाको परिचय ........ 12
- क) उदयपुरगढी गाउँपालिकाको सङ्क्षीप्त परिचय : ........ 12
- (ख) उदयपुरगढी गाउँपालिकामा विपद् र जलवायुको अवस्था ........ 14
- १.३ योजनाको उद्देश्य : ........ 15
- १.४ योजनाको आवश्यकता तथा महत्व : ........ 15
- १.५ योजनाको निर्माण प्रक्रिया विधि : ........ 17
- १.५.१ वडा स्तरीय सूचना सङ्कलन : ........ 18
- १.५.२ सङ्कटासन्नता तथा क्षमता विश्लेषण : ........ 18
- १.५.३ सङ्कटासन्नता तथा क्षमता विश्लेषणको पुनरावलोकन : ........ 19
- १.५.४ गाउँपालिकाको योजना बैठक : ........ 19
- १.५.५ गाउँपालिकाको योजनाको लेखन कार्य : ........ 19
- १.५.६ योजनाको प्रस्तुति र सुझाव सङ्कलन गोष्ठी : ........ 19
- १.६ योजनाको कार्यान्वयन रणनीति : ........ 19
- १.७ योजनाको अनुगमन मूल्याङ्कन तथा पुनरावलोकन : ........ 20

खण्ड २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण ........ 21

- २.१ प्रकोपको पहिचान तथा स्तरीकरण ........ 21
- २.२ प्रकोप विश्लेषण : ........ 22
- २.३ जलवायु परिवर्तन अवस्था विश्लेषण ........ 23
- २.४ प्रकोप, जोखिम तथा सामाजिक स्रोत नक्साङ्कन, सङ्कटासन्नता र क्षमता पहिचान ........ 25
- २.५ प्रकोप जोखिम न्यूनीकरणका उपायहरू : ........ 30
- २.६ उदयपुरगढी गाउँपालिकाको जोखिम पहिचान तथा क्षमता विश्लेषण ........ 32
- २.७ संस्थागत विश्लेषण ........ 33
- २.८ तापक्रम र वर्षाको विश्लेषण : ........ 40
- २.९ लक्षित समूह विश्लेषण : ........ 40
- २.१० भू-उपयोग जोखिम विश्लेषण ........ 43
- २.११ सङ्कटासन्नता तथा क्षमता विश्लेषणमार्फत सङ्कटासन्नता स्तरीकरण : ........ 44
- २.१२ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन ........ 45
- २.१३ सम्पन्नता स्तरीकरण ........ 46
- २.१४ गाउँपालिकाको क्षमता विश्लेषण : ........ 47
- २.१५ खुलाक्षेत्र सम्बन्धी विवरण ........ 48




अध्यक्ष
उदयपुरगढी गाउँपालिका

खण्ड ३ दीर्घकालीन सोच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति ........ 49

३.१ दीर्घकालीन सोच ........ 49

३.२ परिदृश्य ........ 49

३.३ लक्ष्य ........ 49

३.४ उद्देश्य ........ 49

३.५ नीति ........ 50

३.६ रणनीति ........ 50

खण्ड ४ स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरू ........ 51

४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी ,रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरू: ........ 51

४.१.१ नीतिगत व्यवस्था तथा निर्णय: ........ 51

४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि ........ 51

४.१.३ जोखिम न्यूनीकरण : ........ 56

४.१.४ आपत्कालीन पूर्वतयारी : ........ 61

४.२ विपद्का समयमा प्रतिकार्यका क्रियाकलापहरू : ........ 62

४.३ विपद्पश्चात्का पुर्नलाभ अन्तर्गत पुनःस्थापना र पुनःनिर्माणका क्र्याकलपाहरू ........ 64

खण्ड ५ : योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकता ........ 66

५.१ योजनाको कार्यान्वयन ........ 66

५.२ योजनाको प्रगति र मूल्याङ्कन : ........ 66

अनुसूचीहरू : ........ 67

अनुसूची १ नगर विपद् व्यवस्थापन समिति : ........ 67

अनुसूची २ योजना तर्जुमा तथा समन्वय समिति ........ 68

अनुसुची ३ : स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य र अधिकार ........ 68

अनुसूची- ४ कार्यदलहरूको स्वरूप र काम कर्तव्य तथा अधिकार ........ 69

अनुसूची- ४.१ कार्यदलको स्वरूप ........ 69

अनुसूची- ४.२ पूर्वतयारी तथा प्रतिकार्यको लागि कार्यदलको काम, कर्तव्य तथा अधिकार ........ 69

अनुसूची ५ : ऐतिहासिक समय रेखा : ........ 72

अनुसूची ६: प्रकोप सङ्कटासन्नता क्षमता तथा स्रोत नक्सा : ........ 75

वडा न १ ........ 75

वडा न २ ........ 76

वडा नं. ३ ........ 77

वडा न ४ ........ 78

वडा न ५ ........ 79

वडा न ६ ........ 80

# खण्ड १: परिचय

## १.१ परिचय

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ, असिना, लु, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोका दृष्टिले उच्च जोखिममा रहेको मलुक हो । जलवायु परिवर्तनका कारणले पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" र स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना, २०६८ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पीकरण, प्रतिकार्य, पुर्नस्थापन र पुर्ननिर्माण तथा अनुकूलनको कार्यलाई विशेष महत्व दिइएको छ । यसमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन उत्थानशीलतालाई केन्द्रदेखि स्थानीय तहसम्म बिस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् तथा जलवायु उत्थानशील तथा व्यवस्थापन ऐन, २०७४ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलताका विषयहरूसमेत समावेश गर्दै "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८" तथा स्थानीय जलवायु अनूकूलन योजनाको राष्ट्रिय संरचना २०६८ मा व्यवस्था भएका प्रक्रिया एवं विधिहरूलाई एकीकृत तथा सरलीकृत गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ अनुसारको मस्यौदाको आधारमा तयार गरी लागू गरिएको छ ।

विश्व मानचित्रमा विपद् जोखिमको दृष्टिले उच्च जोखिममा रहेको राष्ट्रको रूपमा नेपाललाई लिइन्छ । समग्र प्रकोप जोखिमको हिसालले ३० औं स्थानमा भूकम्पीय जोखिमको हिसाबले ११ औं स्थानमा, बाढी तथा पहिरोको जोखिमको हिसाबले ३० औं स्थान र जलवायु परिवर्तनको प्रभावको हिसाबले ४ औं स्थानमा पर्दछ। नेपालले प्रत्येक वर्ष विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू जस्तैः बाढी, पहिरो आगलागी, महामारी, खडेरी, रोगकिरा, मौसमको विषमता तथा भूकम्पजस्ता प्रकोपहरूबाट गम्भीर खतराको सामना गर्दै आएको छ । जलवायु परिवर्तनको प्रत्यक्ष असर वायुमण्डलीय तापक्रममा वृद्धि र वर्षाको समय तथा मात्रमा विषमता आदिमा देख्न सकिन्छ । यस्ता असरहरूले बर्सेनी नेपालमा बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा, खडेरी, तातो हावाका लहरहरूजस्ता घटनाहरू बढी मात्रामा दोहोरिएका छन् । यसको प्रभाव प्रत्यक्ष रूपमा जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास, पोषण तथा सरसफाइ र भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको छ । जलवायु परिवर्तनका नकारात्मक असरबाट गर्भवती महिला,अपाङ्गता भएका व्यक्ति, गरिब, विपन्न, एकल महिला, बालबालिका, वृद्धवृद्धाहरू, पछाडि पारिएको वर्ग, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरू बढी प्रभावित हुन्छन् भन्ने विभिन्न अध्ययनहरूले प्रस्ट पारिसकेका छन् । ती विपद्का कारण देशमा बर्सेनी ठूलो रूपमा जनधनको क्षति हुने गरेको छ । विपद् पूर्वतयारी कार्यहरू न्यून भएका कारण विपद्ले ठूलो क्षति हुने गरेको छ । अतः देशलाई विपद् उत्थानशील राष्ट्र बनाउन स्थानीय स्तरदेखि नै पहल हुन जरुरी छ । यसै परिप्रेक्षलाई



माल बहादुर ... मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

मध्यनजर राखी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका तयार गरी लागू गरेको छ । यसै निर्देशिकालाई आधार मानेर गाउँपालिका तथा गाउँपालिका स्तरीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा प्रक्रियाको कार्य थालनी भएको छ ।

यस्तो प्रकारको प्रकोप बढ्दै गइरहेको उदयपुरगढी गाउँपालिकाका बासिन्दाहरूले पनि अनुभव गर्न थालेका छन् । यस क्षेत्रका अधिकांश घरधुरीहरू कृषि तथा पशुपालनमा निर्भर रहेका छन् तर बाढी, अनियमित वर्षाबाट यहाँको कृषि उत्पादनमा असर परी यहाँको जीविकोपार्जनको पद्धति, पशु, वन,स्वास्थ्य तथा पोषणमा नकारात्मक असर पार्दै गरेको सन्दर्भमा बढ्दै गएको विपद्जन्य प्रकोपबाट परेको तथा पर्नसक्ने प्रतिकूल प्रभावबाट स्थानीय स्तरमा अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यहोरा राष्ट्रिय संरचनाले दर्शाएको छ । नेपाल सरकारको विपद् सम्बन्धी ऐन २०७४ र विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिका २०७४ ( मस्यौदा)अनुसारका विधि तथा प्रक्रियाहरू अवलम्बन गरी बहुसरोकारवाला निकाय (वडाकार्यालय,नागरिक मन्च, वडासचिव, शिक्षक, समाजसेवी, महिला स्वयंसेविका, जेष्ठ नागरिक, राजनैतिक दलका प्रतिनिधि, प्राकृतिक स्रोत व्यवस्थापन समूहका प्रतिनिधि, महिला, पुरुषलगायत अन्य बुद्धिजीविहरूको सहभागितामा जलवायु परिवर्तन अभिमुखीकरण एवं स्थानीय उत्थानशील योजना तर्जुमा गोष्ठीबाट आगामी ५ वर्षका लागि विपद् तथा जलवायु उत्थानशील कार्ययोजना तयार गरिएको छ। यस योजनाबाट यहाँका बासिन्दाको अनुकूलन क्षमता तथा समुत्थानमा अभिवृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास गर्दै यस योजनालाई यस वडाको विषयगत योजना बनाई नियमित योजना तर्जुमा प्रक्रियामार्फत गाउँपालिका तथा वडा कार्यालय, जिसस लगायत राष्ट्रिय योजनामा समेत समावेश गरिने छ। यस उदयपुरगढी गाउँपालिकामा सञ्चालन हुने अन्य विकास कार्यसमेत जलवायु परिवर्तन अनुकूलन तथा समुत्थान मैत्री बन्दै जाने विश्वास गरिएको छ ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर कोन्द्वाङी
अध्यक्ष
उदयपुरगढी गाउँपालिका



CamScanner

## १.२ उदयपुरगढी पालिकाको परिचय

### क) उदयपुरगढी गाउँपालिकाको सङ्क्षीप्त परिचय :

उदयपुरगढी गाउँपालिका नेपालको प्रदेश नं. १ अन्तर्गत उदयपुर जिल्लामा पर्दछ। तत्कालीन अवस्थामा उदयपुर जिल्लाको मात्रै नभई त्यस भेगको नै सदरमुकाम रहेको उदयपुरगढी मुलुकले संघीय शासन प्रणाली अवलम्बन गरेसँगै स्थानीय तहको पुनःसंरचनामा उदयपुरगढी गाउँपालिका बनेको हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको पूर्वाञ्चल विकास क्षेत्र, सगरमाथा अञ्चल, प्रदेश नम्बर १, उदयपुर जिल्लामा उदयपुरगढी गाउँपालिका पर्दछ। मुलुकका ७ सय ५३ स्थानीय तह/सरकार मध्ये उदयपुरगढी पनि एक हो। २६ ४९' ५३" उत्तरी अक्षांशदेखि २७ ०२' ०२" उत्तरी अक्षांशसम्म र ८६ २६' ५०" पूर्वी देशान्तरदेखि ८६ ३६' ५५" पूर्वी देशान्तरसम्म अवस्थित साविकको तावाश्री, वर्रे, डुम्रे, पञ्चावती तथा भलायाडाँडा गाउँ विकास समिति(गाविस)हरूलाई मिलाएर उदयपुरगढी गाउँपलिका बनेको हो । ऐतिहासिक महत्त्व बोकेका साविकको पञ्चावती तथा भलायाडाँडा गाविसमा पर्ने उदयपुगरगढी यस गाउँपालिकाको केन्द्र हो। जिल्लाको पुरानो सदरमुकाम एवं ऐतिहासिक पृष्ठभूमि भएको, चिसो हावापानी भएको उदययुरगढीको नामबाटै गाउँपालिकाको नाम तथा केन्द्र पनि उदयपुरगढी हो । भौगोलिक अवस्थिति र क्षेत्रफल : प्राचीनकालदेखि हालसम्म आउँदा अलग पहिचान, अस्तित्व र चिनारी उदयपुरगढीले बोकेको छ । नेपाल एकीकरणपछि यस भेगको सदरमुकाम यस गढीमा सारिएपछि उदयपुरगढीको ख्याति अझ बढेको हो । वि. सं १८७२ मा उदयपुरको सदरमुकाम चौदण्डीगढीबाट उदयपुरगढीमा सारिएको हो। चुरे, भावर, दुन र महाभारत पर्वत समेटेर बनेको गाउँपालिकाले इतिहास वोकेको छ। जिल्ला सदरमुकाम गाईघाटबाट ४२ किलोमिटर उत्तर पश्चिम दिशामा यस गाउँपालिका अवस्थित छ। साविकका पञ्चावती, तावाश्री, वर्रे, डुम्रे र भलायडाँडा गाविसलाई जोडेर यो गाउँपालिका वनेको हो। गाउँपालिकाको घना बस्ती भएको ठाउँ नेपालटार बजार हो। हालै प्रस्तावित मदन भण्डारी लोकमार्ग अन्तर्गत पर्ने धरान-चतरा-हेटौंडा सडकमा पर्ने नेपालटार रमणीय ग्रामीण बजार हो । यस बजारबाट पूर्वतर्फ गाईघाट बजार र पश्चिमतर्फ कटारी बजार पर्दछ। विभिन्न सम्भावना बोकेको यस गाउँपालिकाको अर्को पहिचान वनजंगल हो । वनजंगल आम्दानीको प्रमुख स्रोत हो रहेको यस गाउँपालिकाको उदयपुरगढीमा पर्यटनको विशिष्ट सम्भावना छ। नेपालटार बजारमा पक्की घरहरू निर्माण भइरहेका छन् भने यस बजारभित्रै र बजार वरपर तथा अन्य वस्तीमा काठैकाठले बनेका आकर्षक घरहरु छन ।

भौगोलिक विविधता, कमलो भु-वनोट रहको चुरेक्षेत्र तथा अत्याधिक खहरेखोला तथा नदिहरुका साथै प्राकृतिक एवं जलवायु परिवर्तन र मानविय कृयाकलापबाट सृजित कारण विभिन्न विपदबाट यो जिल्ला पनि उच्च जोखिममा रहेको छ । यस पालिकामा खासगरी बाढी, पहिरो, आगलागि, भुकम्प, आँधिबेहेरी/हावाहुरी , चट्याङ,सडकदुर्घटना, सर्पदंश र जंगली जनावरको आतंक(बाँदर) जस्ता प्रमुख प्रकोपबाट विपदजन्य समस्याहरु घट्ने गरेको पाईन्छ । बिगतमा विकास पकृयामा विपद् जोखिम न्युनीकरणका कृयाकलापलाई आवद्ध गरी समन्वयात्मक रुपमा सञ्चालन गर्न नसक्दा पूर्वाधार विकासका योजना तथा कार्यक्रमहरुमा ठुलो क्षति पुगेको देखिन्छ। विपदलाई नियन्त्रण गर्न नसके पनि अल्पिकरण

र पुर्व तयारीबाट सम्भाव्य विपदको क्षतिलाई न्युनीकरण गरी जनधनकोक्षतिलाई कम गर्न सकिन्छ। विपद जोखीम न्युनीकरण कार्यमा समुदायको सहभागिता, नीजि क्षत्रको समन्वय, विकास साभ्केदार संस्थाहरुको भुमिकाको प्रवर्धन, पुर्वाधार विकासका योजना र कार्यक्रमहरुलाई जोखिम न्युनीकरणका कार्यक्रमसँग आवद्धता, समुदायमा आधारित पुर्व सूचना प्रणालीको विकास, खोज तथा उद्धार टोलीको क्षमता विकास गर्ने जस्ता कार्यहरु प्रमुख समस्या र चुनौतीको रुपमा रहेका छन् । विपद व्यवस्थापनको समग्र चक्रका कार्यक्रमहरुलाई प्रभावकारी ढंगले सञ्चालन गरी विपदबाट हुन सक्ने जनधनको क्षतिलाई कम गर्न यस आवधिक योजनाले तल उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनमा जोड दिनुको साथै यस प्रकारका कार्यक्रमहरुमा विकास साभ्केदार संस्था, गै.स.स., एवं सरोकारवाला संस्थाहरुको सकृयता रहने गरी विभिन्न कार्यक्रमहरुको तजुर्मा गरी कार्यान्वयनको लागि कार्यक्षेत्रगत क्षमताको विकाश गर्नु पर्ने देखिन्छ ।

यस पालिकामा ८ वटा वडा रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार घर संख्या ६६५० र परिवार संख्या ६८१० बाट निकालिएको तथ्यांकमा उदयपुरगढी गाउँपालिकाको जम्मा जनसंख्या २८९२९ रहेको छ, जसमा १४८३६ महिला र १४०९३ पुरुष छन् । राष्ट्रिय जनगणना २०६८ र २०७८को जनगणनाको जनसंख्या तुलना गर्दा ६.०१ प्रतिशतले घटेको छ ।

यस पालिकामा रहेका विभिन्न वडाहरूको जनसङ्ख्याको विवरण निम्नअनुसार रहेको छ :

तालिका १: घरधुरी र जनसङ्ख्याको विवरण

| वडा न | घरधुरी | कूल जनसख्या | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | ८८६ | ३९३४ | १९७४ | १९६० |
| २ | ५६२ | २३८० | १२२६ | ११५४ |
| ३ | ६१३ | २७५० | १४३२ | १३१८ |
| ४ | ४६५ | १९८४ | १०२८ | ९५६ |
| ५ | ९४३ | ३७७५ | १९५९ | १८१६ |
| ६ | १२५० | ५१७८ | २६४७ | २५३१ |
| ७ | १३०८ | ६४८६ | २८२९ | २६५७ |
| ८ | ७७३ | २४३९ | १७३४ | १७०५ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

तालिका ३: अपाङ्गता भएका व्यक्तिहरूको विवरण

| वर्ग | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| क | १५ | २९ | ४४ |
| ख | ७३ | ११३ | १८६ |
| ग | १३ | ३७ | ५० |
| घ | ६ | ११ | १७ |
| जम्मा | १०७ | १९० | २९७ |

स्रोत : उदयपुरगढी गाउँपालिका महिला तथा बालवालिका शाखा



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## (ख) उदयपुरगढी गाउँपालिकामा विपद् र जलवायुको अवस्था

उदयपुरगढी गाउँपालिका विपद् जोखिमबाट निकै संवेदनशील क्षेत्रको रूपमा रहेको छ। भूकम्प, बाढी, पहिरो, आगलागि, भुकम्प, आँधिबेहेरी/हावाहुरी , चट्याङ,सडकदुर्घटना, सर्पदंश र जंगली जनावरको आतंक(बाँदर) लगायतका विपद् जोखिमको सामना यस क्षेत्रका बासिन्दाहरूले गर्नुपरेको छ। उदयपुरगढी गाउँपालिकामा आइरहने विभिन्न प्रकोपका घटनाहरूको विवरणलाई हेर्ने हो भने यहाँ वाढी, पहिरो, आगलागी, जङ्गली जनावरको आतङ्क, हावाहुरी, चट्याङ, कृषिबालीमा लाग्ने रोग सर्पदंश आदिबाट ग्रसित छ। यस पालिकामा बर्सेनी कटान, डुवान र पटानको समस्याको कारणले प्रत्येक वर्ष जनधनको क्षति हुने गरेको छ। यस नगरपलिकामा बग्ने ३ वटाभन्दा बढी खहरे खोलाहरु रहेको छन। यी खहरे खोलाहरूले बेलाबखत खेतीयोग्य जमिन कटान, पटान र डुवान गर्ने गरेको छ। विगतको इतिहासलाई फर्केर हेर्ने हो भने बैजनाथ खोला, पौवा खोला र तावा खोलाले २० भन्दा बढी घरहरू विस्थापित भएका छन्।

हालको अवस्थालाई हेर्दा करीव १०० भन्दा बढी घरधुरीहरू यी खहरे खोलाको कारण उच्च जोखिममा रहेको छ। त्यस्तै बैजनाथ खोलाका कारणले वडा न ४, ५, ६ र ८ का बस्तीहरू उच्च जोखिममा रहेको छ। पौवा खोलाको कारण वडा न ६, ८, ५, र ७ वडाहरू उच्च जोखिममा र तावा खोला को कारण उदयपुरगढी गाउँपालिकाको वडा न १, २ र ३ उच्च जोखिममा रहेका छन्। उदयपुरगढी गाउँपालिका ३,४,५,६,७ र ८ का घरधुरीहरु पहिरोको उच्च जोखिममा छन् भने वडा न १,२,३,६,७ र ८ सडक दुर्घटनाको उच्च जोखिममा रहेका छन।

स्रोत:: गाउँ वपद् व्यवस्थापन समिति

सम्भावित प्रभावित घरधुरी बहुप्रकोपको जोखिमको दृष्टिकोणले निम्न तालिकामा पाउन सकिन्छ।

तालिका ४: सम्भावित प्रभावित घरधुरी बहुप्रकोपको जोखिमको विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | १५० | ४०० | २०० | २०० | ५०० | ४०० | ५०० | ३०० |
| वाढी | ४०० | ४० | १०० | १० | २०० | २०० | २०० | ३०० |
| पहिरो | ४० | १०० | ५० | ४०० | ५० | ३५ | ६२ | ४० |
| महामारी | ७५ | ५० | ६० | ५० | १०० | २५० | १०० | २०० |
| हावाहुरी | सवै घरधुरी | सवै घरधुरी | सवै घरधुरी | सवै घरधुरी | सवै घरधरी | सवै घरधुरी | सवै घरकुरी | सवै घरधुरी |
| जङ्गली जनावरको आतंक | सवै घरधुरी | सवै घरधुरी | सवै घरधुरी | सवै घरधुरी | सवै घरधरी | सवै घरधुरी | सवै घरकुरी | सवै घरधुरी |



... राई
... प्रशासकीय अधिकृत

... बहादुर ... मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बालीनालीमा लाग्ने रोग | सबै घरधुरी | सबै घरधुरी | सबै घरधुरी | सबै घरधुरी | सबै घरधरी | सबै घरधुरी | सबै घरकुरी | सबै घरधुरी |

स्रोत: गाउँ विपद् व्यवस्थापन समिति

यसरी यस गाउँपालिका बहुप्रकोपको हिसाबले जोखिममा रहेको छ। तसर्थ प्राकृतिक तथा मानव (सिर्जि जुनसुकै खालका विपद्का घटनाबाट हुनसक्ने मानिसको जनधन तथा सम्पत्तिको क्षतिलाई न्यून गर्नक लागि विपद्को असरलाई न्यूनीकरण गर्ने र विपद्का कार्यलाई विकासको प्रक्रियामा मूलप्रवाहीकरण ग उद्देश्यले उदयपुरगढी गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गर कार्यान्वयनका लागि पहल गर्न खोजिएको छ। यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने, जलवा परिवर्तनसँग अनुकूल भएर एक समुत्थानशील समुदायको रूपमा हुनका लागि मद्दत पुऱ्याउने छ भन आशा गर्न सकिन्छ।

## १.३ योजनाको उद्देश्य :

यस योजनाको परिकल्पना उदयपुरगढी गाउँपालिकालाई विपद् जोखिमयुक्त रूपमा स्थापित गर्ने रहेको छ यस योजनाको मुख्य ध्येय विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई विकासमा मूलप्रवाहीकरण गर्ने गरीब तथा पिछडिएका वर्गको जीवन स्तरमा सुधार ल्याई सुरक्षित बाँच्न पाउने अधिकार कायम गर्न रहेको छ। यस योजनाको लक्ष्य भनेको विपद्बाट हुने जनधनको क्षति तथा जोखिमलाई कम गर्ने साथै सहभागितामूलक प्रक्रियाबाट पहिचान गरिएका योजनाहरुलाई मूर्तरूप दिई पूर्वतयारीका कार्यहरू गरी विकास योजनामा मूलप्रवाहीकरण गर्ने र जीविकोपार्जनमा अभिवृद्धि गर्न विपद् जोखिम न्यूनीकरणक कार्यलाई विकास योजनाहरूमा मूलप्रवाहीकरण भएको सुनिश्चित गर्ने रहेको छ।

## १.४ योजनाको आवश्यकता तथा महत्व :

प्राकृतिक प्रक्रिया वा बाह्य कारक तत्वहरू वा मानवजन्य क्रियाकलापले वायुमण्डलको बनोट तथा भू उपयोगमा ल्याउने ठोस परिवर्तनका कारण जलवायु परिवर्तन हुने गर्दछ। प्रत्यक्ष या अप्रत्यक्ष रूपम मानव क्रियाकलापहरू जस्तैः इन्धनको अत्यधिक प्रयोग, सहरीकरण, वन विनाश र वातावरणमैत्री प्राकृतिक स्रोतहरू र प्रविधिहरू प्रयोगमा कमी आदिका कारणले हरितगृह ग्याँसहरूको उत्सर्जनमा तीव्रता आएको तथ्य अकाट्य छ। जसले गर्दा उदयपुरगढी गाउँपालिकामा पनि जलवायु परिवर्तनको प्रत्यक्ष असरहरू देख्न सकिन्छ। यस्ता असरहरूले बर्सेनी उदयपुरगढी गाउँपालिका बाढी, पहिरो, हिमपात, हावाहुरी, खडेरी जङ्गली जनावर आतङ्क -बादर, असिनाजस्ता घटनाहरू भइरहेका छन्। यसले गर्दा प्राकृतिक स्रोत जैविक विविधता र जीविकोपार्जनका स्रोत(साधनमाथि प्रत्यक्ष असर देखा पर्न थालेका छन्। साथै विगत केही वर्षयता देखिएका सुख्खा र वर्षामा अनियमितताले उदयपुरगढी गाउँपालिको आर्थिक विकासमा चुनौती खडा गर्न थालिसकेको छ। जलवायु परिवर्तनसँगै आएको अनिश्चितता एवं विषमतासँग जुध्ने स्थानीय उपायहरूको प्रभावकारिता कम हुँदै गइरहेको छ र आगामी दिनमा अझ असर बढ्नसक्ने देखिन्छ जलवायु समानुकूलनका अवस्था सिर्जना गर्न स्थानीय अनुकूलन कार्ययोजनाका एकीकृत योजनाहरूलाई स्थानीय एवं राष्ट्रिय विकास योजना प्रक्रियाको उपयुक्त प्रवेश बिन्दु पहिचान गरी समायोजन गर्न आवश्यक पर्दछ। अझ जलवायु परिवर्तनका नकारात्मक असरबाट गर्भवती महिला तथा बालबालिका, गरिब, विपन्न, महिला,वृद्धवृद्धाहरू, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित



CamScanner

समुदायहरू बढी प्रभावित हुन्छन् भन्ने विभिन्न अध्ययनहरूले प्रस्ट पारिसकेका छन् । तसर्थ गरीबी र चेतनास्तर कमीका कारण प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा जलवायुजन्य विपत्तिहरूसँग जुधिरहेका उदयपुरगढी गाउँपालिका बासीन्दालाई सोको असर कम गर्न र जीविकोपार्जनमा सुधार ल्याउन अनुकूलनका कार्ययोजना निर्माण गरी अन्य विषयगत, क्षेत्रगत एवं विकास प्रयासका योजनाहरूसँग एकीकृत गर्दै लैजानु पर्ने आजको टड्कारो आवश्यकता रहेको छ । स्थानीय स्तरमा क्षमता अभिवृद्धि गरी सफल र एकीकृत कार्यान्वयन र जलवायुजन्य जोखिमको असरलाई ध्यान दिई वडाका सबै घरधुरीहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्नमा यस स्थांनीय अनुकूलन योजनाको औचित्य रहनेछ ।

कृषि र पशुपालन नै जीवन निर्वाह गर्ने मुख्य स्रोत भएका यस गाउँपालिकाका वडाहरूमा अधिकांश घरधुरीहरु बाढी पहिरो, आगलागी, जङ्गली जनावरको आतङ्कजस्ता प्रकोपहरू र जोखिमहरुबाट प्रभावित भएको पाइन्छ । कृषि बालीमा लाग्ने फौजी किराको कारणले यहाँका मकैबाली, धानबालीमा क्षति गर्नुको साथै कागती सुन्तलालगायतका फलफूलको उत्पादनमा कमि आई किसानहरूको जीविकोपार्जनमा असर गरिरहेको छ ।

यसै सन्दर्भमा बढ्दै गएको जलवायुजन्य प्रकोपबाट परेको तथा पर्नसक्ने प्रतिकूल प्रभावबाट स्थानीय स्तरमा अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानीय अनुकूलन योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यहोरा राष्ट्रिय संरचनाले दर्शाएको छ ।

विपद्को अवस्थामा प्रभावकारी मानवीय सहायता उपलब्ध गराउन तथा भावी विपद्को जोखिम कम गर्नको लागि विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील योजनाको आवश्यकता पर्दछ । विशेष गरी मानवीय सहायता सुनिश्चित गराउन विपद् जोखिम न्यूनीकरणमा समुदायको सहभागिता बढाउन र विकासका गतिविधिहरूमा विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरूलाई मूलप्रवाहीकरण गर्न र विपद्पश्चात् प्रभावितहरूको उचित व्यवस्थापन गर्न , यस योजनाले मार्गनिर्देश गर्दछ साथै स्थानीय तहलाई स्रोतको सही पहिचान तथा परिचालन गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्नेछ। माथि उल्लिखित आवश्यकतालाई महसुस गर्दै यस उदयपुरगढी गाउँपालिकामा विपद्वाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउन यो विपद् तथा जलवायु उत्थानशील योजना तयार पारिएको छ । यस योजना एक्सन अगेन्स्ट हङ्गर (Action Against Hunger) को आर्थिक सहयोगमा सहारा नेपालको प्राविधिक सहयोगमा उदयपुरगढी गाउँपालिकाका स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र अन्य सङ्घसस्था र स्थानीय समुदायको प्रत्यक्ष सहभागिताको संयुक्त प्रयासबाट यो योजना निर्माण गरिएको छ । विशेष गरी विपद्पूर्व, विपद्को समय र विपद्पश्चात्का कार्यहरू गर्न योजनाले सहयोग गर्दछ । जसअन्तर्गत निम्न बुँदाहरू प्रमुख रूपमा लिन सकिन्छ ।

- विपद् व्यवस्थापनका लागि सरोकारवालाहरूसँग सम्बन्ध बिस्तारमा सहयोग पुऱ्याउँछ मानवीय, आर्थिक तथा अन्य स्रोत(साधन पहिचान एवं सङ्कलनमा मद्दत गर्दछ ।
- सङ्कटाभिमुखता न्यूनीकरण गर्न आधार तयार गर्छ ।
- पूर्वसावधानी अपनाई प्रकोप प्रभावित हुनसक्ने ठाउँका मानिसलाई सुरक्षित स्थानमा लैजान पूर्वतयारीको खाका तयार हुनेछ ।

- विपद्को समयमा उद्धार गर्न चाहिने वस्तुको जोहो गर्न ,हराएका मानिसहरूको खोजी गर्न र राहतका क्रियाकलापहरू अघि बढाउन सामूहिक सक्रियता बढाउँछ ।
- विपद् प्रभावितहरूको लागि तुरुन्तै आवश्यक पर्ने उपचार, खाने बस्ने, लगाउने व्यवस्थाका लागि पूर्वतयारी योजना बन्छ ।
- पुनःस्थापना र पुनर्निमार्णका काममा टेवा पुऱ्याउँछ ।
- योजनामा जीविकोपार्जन सुधारका क्रियाकलापहरू पहिचान भएको हुँदा यसले गरिबी निवारण, प्राकृतिक सम्पदा संरक्षण तथा व्यवस्थापनमा समेता मद्दत पुऱ्याउँछ ।
- विपद्को समयमा समाजमा उत्पन्न हुनसक्ने हिंसालगायत अन्य अवाञ्छित गतिविधिहरू नियन्त्रण गर्न सहयोग पुऱ्याउँछ ।
- आश्रयस्थलको पहिचान र व्यवस्थापनमा मद्दत पुऱ्याउँछ ।
- विपद्कोषको व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ ।

स्थानीयस्तरमा उपलब्ध जानकारी, विगतका घटनाका अनुभवहरू तथा स्थानीय समुदाय र सरोकारवालाहरूको विपद् व्यवस्थापन सम्बन्धमा भएका ज्ञान, सिकाइ, र बुझाइमा आधारित रही यो योजना तयार गरिएको छ । यो योजना तर्जुमा कार्यमा गाउँपालिकाका सबै वडाहरूमा सहभागितामूलक सङ्कटाभिमुखता तथा अनुकूलन क्षमता विश्लेषण निर्माण गरिएको भए तापनि सङ्ख्यात्मक सीमितताले गर्दा प्रशस्त अनुभवहरू समेट्न सकिएको छैन । योजना कार्यान्वयनको सन्दर्भमा बजार मूल्यमा फेरवदल हुने हुँदा योजनामा अनुमानित बजेट उल्लेख गरिएको छ । समय, स्रोत(साधनको सीमितताले गर्दा योजना निर्माणमा अपनाउनु पर्ने सम्पूर्ण विधिहरू अवलम्बन गरी निर्माणका साथै आवश्यक सूचनाका लागि बहुपक्षीय सूचना सङ्कलन गर्ने प्रयास गरिएको छ । योजनाको कार्यान्वियन गर्दा तत्कालीन समयमा उपलब्ध साधन, स्रोत र प्रविधिको आधारमा सम्भावित प्रकोपहरू र तिनका व्यवस्थापनका क्रियाकलापहरूलाई आवश्यक सुधार र परिमार्जन गर्दै लैजानुपर्दछ ।

## १.५ योजनाको निर्माण प्रक्रिया विधि :

यो योजना तर्जुमा गर्दा तल उल्लिखित विधि र प्रक्रियाहरू अपनाइएको छ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका तर्जुमा निर्देशिका २०७४ को मस्यौदाका अनुसार यो योजना तर्जुमा गर्दा वडा र यो योजनाअन्तर्गत बनाइएका गतिविधिहरूको कार्यान्वयनको लागि सम्बन्धित सरकारी निकायहरू, तथा दातृ निकायहरूबाट सहयोग मिल्ने अपेक्षा लिएको छ । नेपाल सरकारबाट स्वीकृत विपद् जोखिम न्यूनीकरण २०६६, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन योजना २०६८, यसको परिमार्जन मस्यौदा निर्देशिका २०७४ मा व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ । समुदायका सरोकारवाला निकायहरूसँगको अन्तरक्रिया, विगतमा भएको क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ ।


मुख्यतया : भूकम्प, बाढी, पहिरो, आगलागि, भुकम्प, आँधिबेहेरी/हावाहुरी , चट्याङ,सडकदुर्घटना, सर्पदंश र जंगली जनावरको आतंक (बाँदर) आदि विपद्पूर्व, विपद्को समय र विपद्पश्चात् गर्नुपर्ने क्रियाकलाप विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा पुर्नलाभका गतिविधिहरू, तौरतरिका, जिम्मेवारी, र कार्य



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर ... मगर

प्रक्रियालाई समेटेर यो योजना निर्माण गरिएको छ । समुदायका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चितता हुने गरी समावेशी सहभागीतामूलक र यथार्थपरक बनाउन निम्नानुसारका प्रक्रियाहरू अवलम्बन गरिएका छन् ।




चित्र न १ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया

### १.५.१ वडा स्तरीय सूचना सङ्कलन :

वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्ने क्रममा अभिमुखीकरणमा सहभागी भएका सहभागीहरूबाट सहभागितामूलक रूपमा सूचनाको सङ्कलन गरिएको थियो । जसमा विशेष गरेर सामाजिक र आर्थिक सूचनाहरू, सम्पन्नता, स्तरीकरण, टोलस्तरमा हुने प्रकोपहरू र विपद्को ऐतिहासिक विवरण सङ्कलन गरिएको थियो । साथै टोलहरूमा के काम कहाँ गर्ने भन्ने सवालमा पनि सूचना सङ्कलन गरिएको थियो । उक्त सूचनालाई वडास्तरीय विपद् व्यवस्थापन समितिमा छलफल तथा पुनरावलोकन समेत गरी वडास्तरीय सूचना सङ्कलन गरिएको थियो ।

### १.५.२ सङ्कटासन्नता तथा क्षमता विश्लेषण :

समुदाय र वडाहरूको विपद् सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने कार्य गरियो । सङ्कटासन्नता तथा क्षमता विश्लेषण गर्ने विभिन्न औजारहरूको प्रयोग गरिएको थियो । जसअन्तर्गत सामाजिक स्रोत

तथा प्रकोपको नक्साङ्कन, ऐतिहासिक तथ्याङ्क, प्रकोप स्तरीकरण, स्रोतको विश्लेषण, मौसमी पात्रो समस्या वृक्ष, विश्लेषण, संस्थागत विश्लेषण, प्रत्यक्ष अवलोकन तथा भेटघाट छलफलजस्ता सङ्कटासन्नता क्षमता विश्लेषण (Vulnerability Capacity Assessment) औजारहरूको प्रयोग गरिएको थियो।

### १.५.३ सङ्कटासन्नता तथा क्षमता विश्लेषणको पुनरावलोकन :

अभिमुखीकरणमा सहभागी भएका व्यक्तिहरूले वडा(वडामा गएर सहभागीमूलक रूपमा सूचनाको सङ्कलन तथा सङ्कटासन्नता क्षमता विश्लेषण तथा अनुकूलन क्षमता विश्लेषण गर्न विभिन्न औजारहरूको प्रयोग गरी आएको विवरणहरुको वडास्तरीय विपद् व्यवस्थापन समितिमा छलफल तथा पुनरावलोकन गरिएको थियो । साथै पुनरावलोकन कार्यक्रममा सहभागीहरूबाट आवश्यकताअनुसार विवरणहरू थपघट गरिएको थियो ।

### १.५.४ गाउँपालिकाको योजना बैठक :

योजना निर्माण गर्नका लागि उदयपुरगढी गाउँपालिकामा मिति **२०७९ फागुन १४** गते योजना तयारी बैठक सञ्चालन गरिएको थियो । सहभागीहरूबाट सहभागितामूलक रूपमा विभिन्न प्रकोपको असरहरू कम गर्न र विपद्को अवस्था सिर्जना हुन नदिन विपद् पहिले केके कार्य गर्ने, विपद् भइहालेको अवस्थामा केके कार्यहरू गर्ने र विपद्पश्चात् केके कार्य गर्ने भन्ने सन्दर्भमा विस्तृत छलफल तथा समूह कार्य गरिएको थियो ।

### १.५.५ गाउँपालिकाको योजनाखाका लेखन कार्य :

सहभागीबाट आएको सूचना र योजना बैठकमा गरिएका योजनाको आधारमा विपद् जोखिम व्यवस्थापन विज्ञ र विपद् व्यवस्थापन समितिले संयुक्त रूपमा योजना लेख्ने कार्य सम्पन्न भएको थियो ।

### १.५.६ योजनाको प्रस्तुति र सुझाव सङ्कलन गोष्ठी :

खाकाको रूपमा तयार गरिएको योजनालाई पुनः गाउँपालिकामा एकदिने गोष्ठीको आयोजना गरी छलफल गरिएको थियो । गोष्ठीका सहभागीहरूले योजनामा थप्नु पर्ने बुँदाहरू र आवश्यक सल्लाह सुझाव दिएका थिए । योजनाको अन्तिम लेखनकार्य र योजनाको तयारी गाउँपालिका तथा वडास्तरीय विपद् व्यवस्थापन समिति तथा सहभागीहरूबाट आएको सुझावलाई पनि समेटेर विपद् तथा जलवायु उत्थनशील योजनाको तयारी कार्य मिति मिति **२०७९ चैत्र ६** गते मा सम्पन्न गरिएको थियो ।

## १.६ योजनाको कार्यान्वयन रणनीति :

योजना कार्यान्वयनको मुख्य जिम्मेवारी गाउँपालिकाको हुनेछ । योजनाको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकामा बसोबास गर्ने समुदायको सक्रिय सहभागिता तथा योगदानको लागि पहल गरिनेछ । गाउँपालिका अर्न्तगत विभिन्न सङ्घसंस्था तथा सरकारी कार्यालयहरू पनि रहने हुनाले तिनीहरूलाई पनि प्रत्यक्ष जिम्मेवारीलगायत अन्य विभिन्न क्रियाकलापहरूको कार्यान्वयनमा समेत परिचालन गरिनेछ । स्थानीयस्तरको योजना भएकोले यसलाई सम्पन्न गर्ने स्रोतको दृष्टिकोणले गाउँपालिकाको सहयोगको आवश्यकता पर्ने हुनाले सोका लागि परिषद्बाट पारित गरी प्रक्रियागत रूपले सिफारिस गरिनेछ । वर्तमान परिवेशलाई मध्यनजर गर्दा अन्तरराष्ट्रिय चासो पनि वृद्धि हुँदै गएको हुनाले स्रोतहरूको व्यवस्थापनका लागि विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाहरू जनप्रतिनिधि, सरोकारवालाहरू, नेपाल रेडक्रस सोसाइटी, विभिन्न सङ्घसस्थाहरू, प्रहरी संयन्त्रहरूसँग सहयोगका लागि पनि प्रयास



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर ... मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

CamScanner

गरिनेछ । योजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयनमा स्रोत उपलब्धताले प्रत्यक्ष असर गर्ने हुनाले सबै क्रियाकलापहरू एकै समयमा सम्पन्न गर्न सम्भव नहुने हुँदा हरेक वर्ष सञ्चालन हुने स्थानीय तह, जिल्लास्तरीय परिषद् र प्रदेश १ सरकारको योजनामा भएका क्रियाकलापहरू प्राथमिकताको आधारमा समावेश गर्दै समयसापेक्ष कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

## १.७ योजनाको अनुगमन मूल्याङ्कन तथा पुनरावलोकन :

गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ । नगरस्तरमा गठित अनुगमन समितिले विपद् जोखिम व्यवस्थापनसम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार गाउँपालिकालाई सिफारिस गर्नेछ । विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशिष्ट कार्यक्रमबाट गाउँपालिका अन्तर्गत सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको लागि स्वीकृत गरिएका अनुगमन सूचकहरू बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्नेछ । यस योजनाको विस्तृत पुनरावलोकन र परिमार्जन ५ वर्षको अवधिमा सम्बन्धित सरोकारवालाहरूको सहभागितामा गर्नेछ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकाय, सङ्घीय मामिला र स्थानीय विकास मन्त्रालयमा पेस गरिनेछ ।

# खण्ड २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ प्रकोपको पहिचान तथा स्तरीकरण

उदयपुरगढी गाउँपालिकामा विगतमा घटेका विपद्का घटनाका आधारमा प्रभाव पार्न सक्ने प्रकोप तथ जलवायुजन्य घटना छनौट गरी स्तरीकरण गरिएको छ । गाउँपालिकामा विगतमा भएका र भविष्यम आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना र ती प्रकोपहरूले जनधनमा पुर्‍याएको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोप पहिचान गरी स्तरीकरण गरिएको छ । विभिन्न प्रकारका प्रकोपहरू जोखिमक रूपमा रहेका हुन्छन् । यस गाउँपालिका अन्तर्गत रहेका वडाका समुदायहरू पनि विभिन्न प्रकारक जोखिममा रहेको पाइन्छ । गाउँपालिकामा रहेका ८ वटा वडामा गरिएको प्रारम्भिक छलफलका आधारम र नेपाल सरकारको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिका २०७४ (मस्यौदा) मा भएका औजार (जोडाजोडी स्तरीकरण)को प्रयोग गरी भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, सर्पदंश, सडक दुर्घटना, जनावरको आतङ्क, कृषि बालीमा लाग्ने रोग, हावाहुरी मुख्य प्रकोपको रूपमा पाइएको छ । गाउँपालिकास्तरमा पहिचान भएका प्रकोपहरूमा वडास्तरीय अनुसारले स्तरीकरण गरिएको छ। स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिका २०७४ अनुसार नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक भएकोले भूकम्पलाई स्तरीकरण गर्न नमिल्ने भएकोले यस गाउँपालिकाको प्रकोपको स्तरीकरण गर्दा पहिलो प्राथमिकता प्रकोप मानेर स्तरीकरण गरिएको छ, जसलाई तालिका ५ मा देखाइएको छ । तलको तालिकालाई विश्लेषण गर्दा बाढी/पहिरोले ८, सडक दुर्घटना ६, जङ्गली जनावरको आतङ्कले ५ अङ्क र आगलागीले ४, प्राप्त गरी क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथौ रूपमा रहेको छ भने हावाहुरी ३, चट्याङले २ र सर्पदंशले १, गरी क्रमशः पाँचौं छैटौं , सातौं प्रकोपको रूपमा रहेक छन् ।

तालिका ५: प्रकोप स्तरीकरण

| प्रकोप | बाढी/ पहिरो | आगलागी | चट्याङ | सडक दुर्घटना | सर्पदंश | हावाहुरी | जङ्गली जनावरको आतङ्क |
|---|---|---|---|---|---|---|---|
| बाढी / पहिरो | | बाढी/ पहिरो | बाढी/ पहिरो | बाढी/ पहिरो | बाढी/ पहिरो | बाढी/ पहिरो | बाढी/ पहिरो |
| आगलागी | | | आगलागी | सडक दुर्घटना | आगलागी | आगलागी | जङ्गली जनावरको आतङ्क |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| चट्याङ | | | | सडक दुर्घटना | हावाहुरी | चट्याङ | जङ्गली जनावरको को आतङ्क |
| सडक दुर्घटना | | | | | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| सर्पदंश | | | | | | हावाहुरी | जङ्गली जनावरको को आतङ्क |
| हावाहुरी | | | | | | | जङ्गली जनावरको को आतङ्क |
| जङ्गली जनावरको को आतङ्क | | | | | | | |
| अङ्क | ७ | ४ | २ | ६ | १ | ३ | ५ |
| स्तर | I | IV | VI | II | VII | V | III |

## २.२ प्रकोप विश्लेषण :

प्रकोप विश्लेषणका औजारहरू सामाजिक स्रोत नक्साङ्कन, सङ्कटासन्नता तथा क्षमता पहिचान, समस्या वृक्ष विश्लेषण, धरातलीय हिँडाइ, संस्थागत विश्लेषण, समूह छलफल, प्रत्यक्ष अवलोकनको प्रयोगबाट समग्र रूपमा आएको तथ्याङ्कलाई आधार मानेर प्रकोपको विश्लेषण गरिएको छ। गाउँपालिकामा पहिचान भएका प्रकोपहरू उत्पन्न हुनुको मूल कारण र यसले समुदायमा पारेको प्रभावलाई तालिकाबद्ध गरिएको छ। यस प्रकोप विश्लेषणमा वडास्तरमा हुने प्रमुख प्रकोपको विश्लेषण गरी तालिका ६ मा प्रस्तुत गरिएको छ।

**तालिका ६ : प्रकोप विश्लेषण**

| क स | प्रकोप | कारण | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|
| १ | भूकम्प | भू भर्गभित्र रहेका ठूला प्लेटहरू एक आपसमा ठोकिएर | ठूलो जनधनको क्षति, पूर्वाधारहरूको क्षति, सामाजिक संरचनाहरूमा क्षति, आर्थिक तथा मानसिक? असर | पूर्वतयारी, भवन आचार संहिता पालना गरी भूकम्प प्रतिरोधी भवन तथा पूर्वाधारहरू निर्माण गर्ने। |
| २ | बाढी | अतिवृष्टि, जलवायु परिवर्तन, जङ्गल विनास | जनधनको क्षति, अन्नबाली खेती योग्य जमिनमा क्षति, उत्पादनमा कमी | समयमा बाँध बाँध्ने वृक्षारोपण गर्ने, जोखिमयुक्त ठाउँबाट बस्ती सार्ने, जमिनको वर्गिकरण गर्ने । |
| ३ | पहिरो | जङ्गल फडानी, अव्यवस्थित बसोवास | घर बस्तीमा क्षति , मृत्यु, घाइते,अङ्गभङ्ग जनधनको क्षति | वृक्षारोपण, व्यवस्थित विकास, जनचेतना,जोखिमयुक्त ठाउँहरूवाट बस्ती सार्ने । |



अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ४ | आगलागी/ डढेलो | जनचेतनाको कमी, चोरी सिकारी | जनधनको क्षति | जनचेतना बढाउने, सूचना गर्ने,जोखिमयुक्त क्षेत्रमा प व्यवस्था तथा भन्डारन ग |
| ५ | सडक दुर्घटना | चालकको लापरवाही, सडको स्तर राम्रो नहुनु, | मृत्यु, घाइते,अङ्गभङ्ग जनधनको क्षति | चालकमैत्री, स्तरीय सुधार्नुपर्ने, चेकजाँच र ट्र सचेतना जगाउने । |
| ६ | सर्पदंश | घरवरपर सरसफाइको कमी, उपचार सेवामा पहुँचको कमी, लापरवाही | घाइते,मृत्यु, आर्थिक क्षति, पारिवारिक तनाव | सरसफाई गर्ने , सर्पदशं उ केन्द्रको व्यवस्थापन स्थानीय स्तरमा प्रा उपचार जनशक्ति व्यवस् गर्ने, |
| ७ | जङ्गली जनावरको आतङ्क - बादर | वस्ती नजिक जङ्गल हुनु, वनफडानी, जङ्गलमा मानवीय हस्तक्षेप | खाद्यान्न र बालीमा असर | जङ्गली जनावरको अ व्यवस्थापन गर्ने । |
| ८ | हावाहुरी | सुख्खा मौसम , वनजङ्गल फडानी, कमजोर पूर्वाधार निर्माण निर्माण,जलवायु परिवर्तन | घरका छानाहरू उडाउनु , बालीनालीहरू नष्ट गर्ने, | चेतनामूलक कार्यलाई बढा घरका छानाहरूलाई ब तरिकाले राख्ने व्यवस्था ग |
| ९ | चट्याङ | जलवायु परिवर्तन हुनु | मानिसहरुको मृत्यु हुने, आगलागी हुने | घर बनाउँदा अर्थिङ ग चट्याङ पर्दा खुला ठ नबस्ने |

## २.३ जलवायु परिवर्तन अवस्था विश्लेषण

### क) प्रकोप, मौसमी पात्रो र बाली पात्रो

यस उदयपुरगढी गाउँपालिकाको स्थानीय स्तरमा मौसमी अवस्थामा आएको परिवर्तनबारे जानक हासिल गर्न मौसमी पात्रोको सहयोग लिन सकिन्छ । स्थानीयस्तरमा भएको जलवायु परिवर्तन अवस्थाबारे जानकारी हासिल गर्न करिब ३० वर्ष पहिले र हालको मौसममा आएको फेरबदलबारे जानक लिइएको छ । यसबाट स्थानीय समुदायले मौसममा आएको फेरबदलसँगै कृषि खेतीमा हुने बदलाव कृषि खेतीमा हुने फेरबदलावबारे विश्लेषण गरी सोहीअनुसार खेतीप्रणाली अपनाउन सहयोग पुर्‍याउ भने यस विधिबाट बारम्बार भैरहने प्रकोपहरूको समयसीमाबारे विश्लेषण गर्न सहयोग पुगी उ समयसीमामा पूर्व सचेतना अपनाउन यस विधिले मद्दत पुग्दछ । यस विधिको प्रयोगमा समुदायका ज्ये नागरिक, बुद्धिजीवी, जानकारहरूसँग छलफल गरिएको थियो । यसै विधि प्रयोग गरी स्थानीय किसानद्व जलवायु परिवर्तनसँग अनुकूलित हुन अवलम्बन गरिएका प्रयासहरूको समेत जानकारी प्राप्त गरिए थियो । गाउँपालिकाभित्र भएका प्रकोपहरू पहिले कुनकुन महिनामा हुन्थे र अहिले कुनकुन महिना हुन्छन् भनेर तलको प्रकोप पात्रोमा विश्लेषण गरिएको छ। यहाँ पहिले भन्नाले कम्तिमा ३० वर्ष पहिले समयलाई जनाउँदछ । भूकम्प आउने कुनै निश्चित समय वा अवस्था नभएको हुनाले पहिले र अहि



रमेश राई
प्रशासकीय अधिकृत
मान बहादुर
उदयपुरगढी गाउँपालिका

भूकम्पलाई बाह्रै महिनामा आउने गरी राखिएको छ। बाढीको जोखिम पहिले भन्दा अहिले बढी अवधिको देखिएको छ भने हावाहुरीलगायतका प्रकोपहरूको जोखिम पहिलेभन्दा अहिले बढी अवधिसम्म देखिएको छ। प्रकोप पात्रोको विस्तृत विवरण तालिका ७ मा उल्लेख गरिएको छ।

**तालिका ७ : प्रकोप पात्रो**

| प्रकोप | समय | बैशाख | जेष्ठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी/पहिरो | ३० वर्ष पहिले | | | | ** | ** | * | | | | | | |
| | अहिले | | | | ** | ** | * | * | | | | | |
| चट्याङ | ३० वर्ष पहिले | | | | | ** | ** | | | | | | |
| | अहिले | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** |
| आगलागी | ३० वर्ष पहिले | ** | ** | | | | | | | | | | ** |
| | अहिले | ** | ** | | | | | | * | * | * | * | ** |
| जङ्गली जनावरको आतङ्क -बादर | ३० वर्ष पहिले | * | * | * | * | * | * | * | * | * | * | * | * |
| | अहिले | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** | ** |
| भुकम्प | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

**तालिका ८ : मौसमी पात्रो**

| विवरण | | बैशाख | जेष्ठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | ३० वर्ष पहिले | | | ** | ** | ** | * | | | | | | |
| | अहिले | | | * | ** | ** | * | | | | | | |
| हिउँदे वर्षा | ३० वर्ष पहिले | | | | | | | | | * | * | * | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | ३० वर्ष पहिले | ** | ** | ** | * | | | | | | | * | ** |
| | अहिले | ** | ** | * | * | ** | | | | | | * | ** |
| जाडो | ३० वर्ष पहिले | | | | | | | | ** | ** | ** | | |
| | अहिले | | | | | | | * | * | ** | ** | | |
| आँधिना | ३० वर्ष पहिले | | | | | | | | | | | ** | ** |
| | अहिले | ** | | | | | | | | | | ** | ** |
| आगलागी | ३० वर्ष पहिले | ** | ** | | | | | | | | | ** | ** |
| | अहिले | ** | ** | | | | | | | | ** | ** | ** |
| हुरीबतास | | * | * | | | | | | | | | * | * |
| | | * | * | | | | | | | | | | |



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
उदयपुरगढी गाउँपालिका

संकेत : कम    धेरै
पहिला  •    ••
अहिले  •    ••

## ख) बाली र वनस्पति पात्रो

बाली र वनस्पति पात्रो तयार गर्दा यस वडामा उत्पादन हुने प्रमुख ३ बालीहरू, धान, मकै र गहुँ गा
र भित्रयाउने समय पत्ता लगाउन समुदायबाट प्राप्त सूचनाको आधारमा विश्लेषण गरिएको छ ।

तालिका ९: बाली र वनस्पति पात्रो

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मकै छर्ने | ३० वर्ष पहिले | | • | •• | | | | | | | | | |
| | अहिले | • | •• | • | | | | | | | | | |
| मकै गोड्ने | ३० वर्ष पहिले | | • | • | | | | | | | | | |
| | अहिले | | | • | •• | | | | | | | | |
| मकै काट्ने | ३० वर्ष पहिले | | | | | • | • | | | | | | |
| | अहिले | | | | • | •• | • | | | | | | |
| गँहु छर्ने | ३० वर्ष पहिले | | | | | | | | •• | • | • | | |
| | अहिले | | | | | | | •• | •• | • | | | |
| गँहु काट्ने | ३० वर्ष पहिले | •• | • | | | | | | | | | | •• |
| | अहिले | • | • | | | | | | | | | | |
| | अहिले | | •• | •• | | | | | | | | | |
| आँप फुल्ने | ३० वर्ष पहिले | | | | | | | | | | | •• | |
| | अहिले | | | | | | | | | | • | •• | |
| आँप पाक्ने | ३० वर्ष पहिले | | | • | •• | •• | | | | | | | |
| | अहिले | | • | •• | •• | | | | | | | | |
| धान रोप्ने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

उपर्यूक्त मौसमी पात्रोको विश्लेषण गर्दा विगतका बर्षहरुभन्दा हाल जाडो समय घट्दै गएको अनुभूति गरिएको छ भने गर्मी मौसम लम्बिएको तथा गर्मी (तापक्रम) बढेको पाइएको छ । सोही प्रकार पहिलाको तुलनामा वर्षाको अवधि कम भएको पाइएको छ तर वर्षा हुँदा एकै पटक ठूलो वर्षा हुन गई कम समयमा वर्षाको मात्रा बढी भएको पाइएको छ जसले बाढी, नदीकटानको समस्या पटक पटक दोहरिएको अनुमान गर्न सकिन्छ । यसै प्रकार हिउँदे वर्षा हुन छाडेको पाइन्छ जसले गर्दा खडेरी हुने देखिन्छ । यसले गर्दा बाली चक्रमा पनि प्रत्यक्ष रुपमा असर पारेको पाईन्छ ।

## २.४ प्रकोप, जोखिम तथा सामाजिक स्रोत नक्साकङ्न, सङ्कटासन्नता र क्षमता पहिचान

प्राप्त तथ्याङ्क विश्लेषणबाट जोखिम तथा सामाजिक स्रोत नक्सा तयार गरिएको छ । यस नक्सामा प्रकोप, विपद् तथा जलवायुजन्य जोखिम स्थान र प्रभावित हुन सक्ने स्थान प्रस्तुत गरिएको छ । यस

गाउँपालिकामा बाढीको जोखिममा रहेको वडाहरूलाई प्रत्येक वडाको छुटाछुटै नक्सामा देखाइएको छ। यसैगरी सबैभन्दा बढी सुरक्षित स्थान, खुला स्थान, विद्यालय, प्रहरी चौकी, अस्पताल, मन्दिर, जोखिमयुक्त, सामुदायिक वन, नदी, खोला, दह, मूल, पोखरीजस्ता स्थानलाई समेत नक्सामा देखाइएको छ। गाउँपालिकाको प्रकोप, जोखिम तथा सामाजिक स्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान अनुसूची ६ मा वडाअनुसार राखिएको छ।

**वडा नं १ :**

**वडाको परिचय :**

यस वडाको पूर्व भागमा वडा नं ५ , पश्चिममा कटारी नगरपालिका, उत्तरमा ताप्ली गाउँपालिका र दक्षिणमा कटारी नगरपालिका पर्दछ। यस वडाका प्रमुख टोलबस्तीहरुमा गोहीया, ललहरी, रातमाटे, हजारे, कात्तिके, बाहुनीटार, दुर्जे, लिपेआहाले, बिस्नीचौर, पसलटार, अम्बोटे, हुलाक भन्ज्यांग, सुस्लिंगटोल, लामिछानेटोल, देउराली, तामांगटोल, बेलडाँडा, हात्तिखर्क, हात्तिटार, प्वाँसेलगायत छन्। कुल घरधुरी ८८६ रहेको यस वडामा जम्मा जनसंख्या ३९३४ छ जसमा १९६० पुरुष र १९७४ महिला छन्। यस वडाका मानिसहरुको मुख्य पेशा कृषि र पशुपालन रहेको छ। ५ वटा बाल विकास केन्द्र, ४ वटा आधारभूत र एउटा माध्यमिक विद्यालय रहेको यस वडाका मानिसहरुको शैक्षिक अवस्था सन्तोषजनक छैन। यस वडामा स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र बर्थिङ सेन्टर पनि रहेका छन्।

**प्रमुख प्रकोपहरू :**

यस वडामा भूकम्प, बाढी, र जङ्गली जनावरको आतङ्कजस्ता प्रकोपहरूले उच्च मात्रामा प्रभाव पारेको छ भने हावाहुरी, चट्याङ र आगलागीजस्ता प्रकोपहरूले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ।

**जोखिमका कारणहरु :**

विपद् हुनुको मुख्य कारणहरु भौगर्भिक कारण, जल तथा मौसमको कारण, मानवीय कारणहरु हुन।

वननजिक खेतीबाली लगाउनु, जनचेतनाको कमी, सरसफाईमा कमी जोखिमका मुख्य कारणहरु रहेका छन।

तावा खोलामा बर्सेनी आउने बाढी डुवान र कटानका कारणले बाहुनीटार, ज्वासे, गैया, शिखरपुर, मुर्मे आदि टोलहरु संकटासन्न अवस्थामा रहेका छन।

**वडा नं २ :**

**वडाको परिचय :**

यस वडाको पूर्वमा वडा नं ५ को चुलाढुंगा र वडा नं ३ को बर्रे, पश्चिममा वडा नं १ को तावाश्री, उत्तरम सिरुवानी र दक्षिणमा वडा नं ५ को हायुटार पर्दछ। यस वडामा गैयाटार, गेर्खे सिमसिमे, सिरुवानी, अग्राखे, ठाडेगाँउ, मिलडाँडा, पुजारीटार, भट्टराईटोल, बरालटोल, थिंगटोल, मान्सिन्टार, आँपडाँडा, रातमाटे, राईटोल, भीरगाँउ, गणेशटार र आहालडाँडा गरी करिब १८ वटा टोलबस्तीहरु छन्। ५६२ घरधुरी संख्या भएको यस वडामा जम्मा जनसंख्या २३८० छ जसमा पुरुषको संख्या १५५४ छ भने महिलाको संख्या १२२६ छ।



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

भाउ बहादुर कार्की मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

**प्रमुख प्रकोपहरू :**

यस वडामा भूकम्प, बाढी, र जङ्गली जनावरको आतङ्कजस्ता प्रकोपहरूले उच्च मात्रामा प्रभाव पारे छ भने हावाहुरी, चट्याङ र आगलागीजस्ता प्रकोपहरूले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

**जोखिमका कारणहरु :**

अनियमित वर्षा, वन विनाश,भिरालो जमिन, जनचेतनाको कमी, सरसफाईमा कमी, अव्यवस्थित बस जोखिमका मुख्य कारणहरु रहेका छन ।

तावा खोलामा बर्सेनी आउने बाढीले गर्दा यस वडाको जरुवा, घट्टा, भाङ्सीटार आदि टोलहरु संकटास अवस्थामा रहेका छन ।

**वडा नं ३ :**

**वडाको परिचय :**

यस वडाको पूर्व सिमानामा रौतामाई गाउँपालिकाको नामेटार, पश्चिम सिमानामा उदयपुरगढ गाउँपालिकाकै वडा नं २, उत्तरमा ताप्ली गाउँपालिका र दक्षिणमा वडा नं ४ पर्दछ । जरुवा, रातमाटे सिन्किले, साइपा, माथिल्लो बर्रे र लामादी गरी ६ वटा प्रमुख टोल बस्तीहरु यस वडामा रहेका छन् कुल घरधुरी संख्या ६१३ रहेको यस वडामा जम्मा जनसंख्या २७५० छ जसमा १३१८ पुरुष र १४३ महिला छन् । यस वडामा बसोबास गर्ने धेरैजसो मानिसहरु कृषि र पशुपालन पेशामा आश्रित छन् । वटा बाल विकास केन्द्र भएको यस वडामा २ वटा आधारभूत विद्यालय र एउटा माध्यमिक विद्याल रहेको छ ।

**प्रमुख प्रकोपहरू**

यस वडामा भूकम्प, बाढी, र जङ्गली जनावरको आतङ्कजस्ता प्रकोपहरूले उच्च मात्रामा प्रभाव पारेक छ भने हावाहुरी, चट्याङ र आगलागीजस्ता प्रकोपहरूले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

**जोखिमका कारणहरु :**

अनियमित वर्षा, वन विनाश,भिरालो जमिन, जनचेतनाको कमी, सरसफाईमा कमी, अव्यवस्थित बसा जोखिमका मुख्य कारणहरु रहेका छन ।

जरुवा बजार, रातमाटे, साईपा, तल्लो ढुंग्रे पहिरोको हिसावले उच्च जोखिममा रहेका छन ।

**वडा नं ४ :**

**वडाको परिचय :**

यस वडाको पूर्वमा वडा नम्बर ८, पश्चिममा वडा नम्बर २, उत्तरमा वडा नम्बर ३ र दक्षिणमा वडा नम्बर ५ रहेको छ । यस वडाका प्रमुख टोलवस्तीहरूमा डुम्रे, गजेथुम्का, हिमन्ते, माँझगाउँ, गोगने मझुवा, ढुंग्रे, रामभन्ज्याङ, बेतेनी मझुवा लगायतका वस्तीहरू छन् । जम्मा घरधुरी ९५६ रहेको यस वडामा १९८४ कुल जनसंख्या छ जसमा पुरुषको संख्या ९५६ र महिलाको संख्या १०२८ रहेको छ । यहाँका धेरैजसो मानिसले मुख्य पेशाको रुपमा कृषि र पशुपालनलाई अँगालेका छन् । स्वास्थ्य चौकी र गाउँघर क्लिनिक रहेको यस वडामा ८ वटा बाल विकास केन्द्र, ६ वटा आधारभूत विद्यालय र २ वटा माध्यमिक विद्यालय सञ्चालनमा छन् ।

**प्रमुख प्रकोपहरू**

यस वडामा भूकम्प, बाढी, र जङ्गली जनावरको आतङ्कजस्ता प्रकोपहरूले उच्च मात्रामा प्रभाव पारेको छ भने हावाहुरी, चट्याङ र आगलागीजस्ता प्रकोपहरूले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

**जोखिमका कारणहरु :**

अनियमित वर्षा, वन विनाश,भिरालो जमिन, जनचेतनाको कमी, सरसफाईमा कमी, अव्यवस्थित बसाई जोखिमका मुख्य कारणहरु रहेका छन ।

यस वडाका चिउरीभञ्ज्याङ, जलकेनी, जगेथुम्का, वेतेनी, मभुवा, घ्याम्पाथुम्का, पहिरो र ढडेलो का हिसावले संकटासन्न अवद्‌थामा रहेका बस्तीहररु हुन ।

**वडा नं ५ :**

**वडाको परिचय :**

यस वडाको पूर्वी दिशामा वडा नम्बर ८ को भलायडाँडा, पश्चिममा कटारी नगरपालिका, उत्तरमा वडा नम्बर ४ को डुम्रे र दक्षिणमा वडा नम्बर ६ को नेपालटार अवस्थित छ । यस वडाका मुख्य टोलहरूमा सरुने, पातीटार, माटेखोला, विरौटा, कुसम्बोट, कात्तिके, बेलबोट, फाँट, तलेतलै, डुङडुङे, भैंसेटार, गढी, उत्तरपानी र छापाखोला रहेका छन् । यसैगरी डहर, कोप्चे, भोगटेनी, बस्तीपुर, कात्तिके, मौवासी, पलाँसे, चुलाढुंगा, सालडाँडा, हाँडेटार, टाडैटार, अमिलचौर, कर्कुन्टार, डुम्रिटार, खरानीटार, केउरेनी गरी ३२ भन्दा वढी मुख्य टोलवस्तीहरू रहेका छन् । यस वडामा कुल घुरधुरी संख्या ९४३ छ भने जनसंख्या ३७७५ रहेको छ जसमा १९५९महिला र १८१६ पुरुष रहेका छन् । यस वडामा आधारभूत तहसम्म पढाइ हुने विद्यालयको संख्या ७ वटा र एउटा माध्यमिक विद्यालय रहेको छ ।

**प्रमुख प्रकोपहरू :**

यस वडामा भूकम्प, बाढी, र जङ्गली जनावरको आतङ्कजस्ता प्रकोपहरूले उच्च मात्रामा प्रभाव पारेको छ भने हावाहुरी, चट्याङ र आगलागीजस्ता प्रकोपहरूले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

**जोखिमका कारणहरु :**

खहरे खोला, अनियमित वर्षा, वन बिनाश,भिरालो जमिन, जनचेतनाको कमी, सरसफाईमा कमी, अव्यवस्थित बसाई जोखिमका मुख्य कारणहरु रहेका छन ।

यस वडा अन्तर्गत रहेका कुशुमबोट, बिरौटा, तेलतेले, निगुरे, डुम्रीटार, कुर्कन्टार, माटेखोला, तावाखोलाको कटानको कारणले संकटासन्न अवस्थामा रहेका छन भने चुलाढुङ्गा, सालडाँडा, टाडे, खमारीटार पहिरोका हिसावले संकटासन्न अवस्थामा रहेका छन् । त्यस्तै कुसुमबोट, केउरिनी, खुमारीटार, हाडेटार, डुम्रीटार आदि आगलागी तथा डडेलोका हिसावले संकटासन्न अवस्थामा रहेका वस्त हरु हुन ।

**वडा नं ६ :**

**वडाको परिचय :**

यस वडाको पूर्वी दिशामा वडा नम्बर ७ र ८, पश्चिममा कटारी नगरपालिका र उदयपुरगढी कै वडा नम्बर ५, उत्तरमा वडा नम्बर ५ र दक्षिणमा सिरहाको लहान नगरपालिका अवस्थित छ । मभुवा, भुमरे,

नागबेले, रुम्जाटार, वर्दमार, अरिदमार, गोहिया, हात्तीढुंगा, धप्पर,दनुवारवेशी, जग्रेटार, आँपडाँड बोहोरीबोट, सान्धाने, नेपालटार बजार, भुतिया, बुढाथोकीटार, अमिल्टार र अम्बोटे गरी यस वडामा १ वटा मुख्यमुख्य वस्तीहरू रहेको छ ।जम्मा घरधुरी १२५० र कुल जनसंख्या ५१७८ रहेको यस वडाम पुरुषको संख्या २६४७ र महिलाको संख्या २५३१ रहेको छ । प्रायजसो मानिसहरु कृषि र पशुपालनम आश्रित छन् ।

**प्रमुख प्रकोपहरू :**

यस वडामा भूकम्प, बाढी, र जङ्गली जनावरको आतङ्कजस्ता प्रकोपहरूले उच्च मात्रामा प्रभाव पारेक छ भने हावाहुरी, चट्याङ र आगलागीजस्ता प्रकोपहरूले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

**जोखिमका कारणहरु :**

खहरे खोला, अनियमित वर्षा, वन बिनाश,भिरालो जमिन, जनचेतनाको कमी, सरसफाईमा कमी अव्यवस्थित बसाई जोखिमका मुख्य कारणहरु रहेका छन ।

नेपालटार बजार, जग्रेटार, गैया, दनुवारबेशी बाढीका हिसाबले जोखिमा छन् भने तीनटाट्ने, हात्ती गुँफा चिपचिपे, सान्दाने पहिरोका हिसाबले जोखिममा रहेका छन् । नेपालटार बजार, जग्रेटार, आगलागीक हिसावले पनि संकटासन्न अवस्थामा छन् ।

**वडा नं ७ :**

**वडाको परिचय :**

यस वडाको पूर्वी दिशामा त्रियुगा नगरपालिका, पश्चिममा वडा नम्बर ८, उत्तरमा वडा नम्बर ६ र दक्षिणमा उदयपुरगढी गाउँपालिका कै वडा नम्बर ८ र सुरुङ् नगरपालिकाको वडा नम्बर २ पर्दछ। यस वडामा कोल्टे, ध्याम्पे, मैनाटार, हाडेवास, बिरालीटार, थापाटार, पिडीवास, अजिङगरे, बतासे, बाइराडे अधेरी, विजनबारी, चियावारी, कुइभीर, नागबिलेसहितका १५ वटा वस्तीहरू रहेका छन् । कुल घरधुरी संख्या १३०८ रहेको यस वडामा जम्मा जनसंख्या ५४८६ छ । जसमा पुरुषको संख्या २६५७ छ भने महिलाको संख्या २८२९ छ । यस वडामा एउटा बालविकास केन्द्र, १० वटा आधारभूत विद्यालय, एउटा माध्यमिक विद्यालय र एउटा निजी विद्यालय छन् ।

**प्रमुख प्रकोपहरू**

यस वडामा भूकम्प, बाढी, र जङ्गली जनावरको आतङ्कजस्ता प्रकोपहरूले उच्च मात्रामा प्रभाव पारेको छ भने हावाहुरी, चट्याङ र आगलागीजस्ता प्रकोपहरूले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

**जोखिमका कारणहरु :**

खहरे खोला, अनियमित वर्षा, वन बिनाश,भिरालो जमिन, जनचेतनाको कमी, सरसफाईमा कमी अव्यवस्थित बसाई जोखिमका मुख्य कारणहरु रहेका छन ।

बलान खेलाको कटानले गर्दा कपासे, कबिरे, हाडेबास, मैनाटार र कोल्टे, ध्वाँसे खोलाको कटानले गर्दा ध्वासे गाँउ, मादले टोल, पौवा खोला कटानले गर्दा चिया कमान, बिजनबारी संकटसन्न अवस्थामा छन पहिरोका हिसावले हेर्दा रमिते, नाँम्जे, अधेरी, तिकेनी संकटासन्न अवस्थामा रहेका वस्तीहरु हुन

वडा नं ८ :

**वडाको परिचय :**

यस वडाको पूर्वी सिमानामा रौतामाई गाउँपालिका, पश्चिममा वडा नं ६, उत्तरमा रौतामाई गाउँपालिका र दक्षिणी सिमानामा वडा नम्बर ७ पर्दछ । यस वडामा नरेटार, गडेरे, भलायडाँडा, साँघुरी, शितले, अम्बोटे, घुसेनी, लाकुरे, सिम्ले, चुरुम्फा, दामे, गोठडाँडा, बन्याला, भदौरे, खोल्मे, गैडाखोर, बिर्तागाउँ, तिथ्रीबोट र नेपालटारसहित १९ वटा मुख्य टोलहरू छन् । ७७३ जम्मा घरधुरी रहेको यस वडामा कुल जनसंख्या३४३९ छ जसमा पुरुषको संख्या १७०५ छ भने महिलाको संख्या १७३९ रहेको छ । कृषि र पशुपालन मुख्य पेशाको रुपमा रहेको छ भने उद्योग, व्यापार र व्यवसाय पनि फस्टाएको छ । यस वडामा स्वास्थ्य चौकीका साथसाथै एउटा बाल विकास केन्द्र, ३ वटा आधारभूत विद्यालय र ४ वटा माध्यमिक विद्यालय रहेका छन् ।

**प्रमुख प्रकोपहरू :**

यस वडामा भूकम्प, बाढी, र जङ्गली जनावरको आतङ्कजस्ता प्रकोपहरूले उच्च मात्रामा प्रभाव पारेको छ भने हावाहुरी, चट्याङ र आगलागीजस्ता प्रकोपहरूले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

**जोखिमका कारणहरु :**

खहरे खोला, अनियमित वर्षा, वन बिनाश,भिरालो जमिन, जनचेतनाको कमी, सरसफाईमा कमी, अव्यवस्थित बसाई जोखिमका मुख्य कारणहरु रहेका छन ।

बैजनाथ खोला कटाले गर्दा गैडाखोर, बिरौटा र नेपालटार फाँट कटान र डुबानको हिसाबले संकटासन्न अवस्थामा रहेका छन् । पौवाखोलाको कटानले गर्दा धाप, फलाटे, नेस्टार संकटासन्न अवस्थामा रहेका छन् । त्यस्तै पहिरोको हिसाबले चुरुम्फा, खोल्मे, लाकुरे, लिडलिडे, गैडाकोट, दामे र गोठडाँडा संकटासन्न अवस्थामा रहेका छन् ।

**नोट :** भूकम्पका हिसाबले सबै वडाहरु उतिकै जोखीममा छन । कमजोर भू-बनोट भएका कारणले गर्दा यस पालिकाको धेरै नै वडाहरु पहिरो जोखीममा उतिकै छन ।

## २.५ प्रकोप जोखिम न्यूनीकरणका उपायहरू :

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि दक्ष व्यक्ति तथा संस्थाहरूको सहयोगमा सबै वडाहरुले देहाय बमोजिमका क्रियाकलापहरू गर्दा आउन सक्ने सम्भावना भएका प्रकोपहरूका असरहरू कम गर्ने र विकासका कार्यक्रम तथा योजनाहरूमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै गाउँपालिकालाई विपद् उत्थानशील बनाउन सकिन्छ ।

१) वडास्तरमा विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन सम्बन्धी आवश्यक अभिमुखिकरण, तालिम प्रदान गर्ने ।

२) गाँउ विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

३) बन्दोवस्तीका सामान तथा औजारहरू व्यवस्थापनका लागि विषयगत क्षेत्रहरूको क्षमता विकास

४) ढुंगा, बालुवा निकाल्नको लागि वातावरणीय प्रभाव मूल्याङ्कन गरि खोलालाई असर नपर्ने गरि ढुंगा, बालुवा गिटी, निकालेर खोला वरपरको क्षेत्रमा स्थानीय रैथाने जातका विरुवा (बाँस, निगालो अम्रिसो, काँस) हरु रोप्ने कार्य गर्ने।

५) महत्वपूर्ण टेलिफोन नम्बरहरु राख्ने ।

६) सामुदायिक वनसँग सहकार्य गरि अग्नी रेखा निर्माण गर्ने । वडामा रहेका खुला स्थान खेलमैदान विद्यालय चौर हरुको पहिचान गरी सुरक्षित स्थानका रुपमा प्रयाग गर्ने गरी वयवस्थापन गर्ने

७) विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास , अपांग मैत्ती र बालमैत्री संरचना निर्माणमा गर्ने ।

८) पूर्व सुचना प्रणालीलाई स्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रसँग जोड्ने ।

९) स्थानीय युवाहरुको विभिन्न कार्यदल जस्तै : प्रा. उ. कार्यदल, खोज तथा उद्धार र आवश्यकता पहिचान कार्यदल गठन गरि क्षमता अभिवृद्धि गरि परिचानल गर्ने ।

१०) भवन आचार संहिता कार्यान्वयन गर्नको लागि पहल गर्ने ।

११) जिवीकोपार्जन सम्बन्धी कार्यक्रमलाई बढि प्राथमकिता दिने।

१२) सडकको किनारमा वृक्षारोपण गर्ने

१३) खोलाको किनारमा जैविक तटबन्ध निर्माण गरि खोला नियन्त्रण गर्ने ।

१४) पहिरोको जोखिम कम गर्न टेवा पर्खाल,जैविक तटबन्ध निर्माण गर्ने ।

१५) आपतकालिन अवस्थामा छिटो छरितो प्रभावकारी प्रतिकार्य गर्नको लागि कोष व्यवस्थापन निर्देशिका परिर्माजन गरि वडास्तरिय विपद् व्यवस्थापन समितीमा पनि कोष राख्ने व्यवस्था मिलाउ

१६) स्थानिय स्तरको पाठ्यक्रम निर्माण गर्दा विपद व्यवस्थापनका सम्बन्धी विषय समावेश गरि पठनपाठन र अभ्यास गराउने ।

१७) पुराना विद्यालय र स्वास्थ्य चौकी भवनहरुको विश्लेषण गरि सवलीकरण गर्ने र कमजोर भवनहरुलाइ विस्थापित गर्ने ।

१८) घरहरु बनाउदा मौलिक प्रविधीको प्रयोग गरि बनाउने ।

१९) पानीका स्रोतहरु सुक्न नदिनका लागी जैविक पोखरीहरु निर्माण गर्ने ।

२०) स्थानिय आपतकालिन कार्य संचालन केन्द्रको स्थापना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग गर्ने ।



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर ... मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

२१) भू-उपयोग योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२२) विकास निर्माणका कियाकलापहरु गर्दा विपद जोखिम न्यूनीकरणलाई मूल प्रवाहकीरण गर्ने ।

आपत्कालीन अवस्थामा छिटोछरितो प्रभावकारी प्रतिकार्य गर्नको लागि कोष व्यवस्थापन निर्देशिकालाई परिमार्जन गरी वडास्तरीय विपद् व्यवस्थापन कोष राख्न जरुरी छ । बाँदर धपाउनका लागि बत्ती बालेर धपाउने गरेको, स्थानीय स्रोत साधन जस्तो टिन बजाएर धपाउने गरेको छ । विपद् व्यवस्थापनका लागि गाँउपालिकामा १५ लाख रुपैंया कोष छुट्याइएको छ ।

## २.६ उदयपुरगढी गाउँपालिकाको जोखिम पहिचान तथा क्षमता विश्लेषण

उदयपुरगढी गाउँपालिकामा जोखिम पहिचान तथा विश्लेषण सङ्कटासन्नता र क्षमता बिचको फरकलाई तुलना गरेर हेर्ने हो भने यस गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा धेरै कार्यहरू गर्नुपर्ने देखिन्छ । यस उदयपुरगढी गाउँपालिकामा भुकम्प, बाढी, पहिरो, आगलागी/डढेलो, सडक दुर्घटना, सर्पदंश, जङ्गली जनावर (बाँदर)को आतङ्क, हावाहुरी जस्ता जोखिम रहेको छ । यसर्थ यस्ता विपद्बाट समुदायलाई सुरक्षित बनाउन जनचेतनाको कार्यहरूसँगै पूर्वतयारीका गतिविधिहरूमा समेत जोड दिनुपर्ने देखिन्छ ।

यस उदयपुरगढी गाउँपालिका विपद्को क्षेत्रमा निकै जोखिमयुक्त गाउँपालिका मानिन्छ । खोला, खहरे तथा पहिरोको प्रकोप बढी हुने भएकाले यस क्षेत्रमा बाढी र पहिरोको विपद्मा परी बर्सेनी क्षति हुने गरेको देखिन्छ ।

उदयपुरगढी गाउँपालिकामा विपद् जोखिम व्यवस्थापनका लागि गाउँपालिका स्तरीय विपद् जोखिम व्यवस्थापन समिति गठन भएको छ र ८ वटै वडाहरूमा वडास्तरीय विपद् जोखिम व्यवस्थापन समिति गठन भएको छैन । साथै यस गाउँपालिकाले विपद् जोखिम व्यवस्थापन प्रतिकार्यात्मक योजना समेत तयार गरेको छ । र आपत्कालीन अवस्थाका उद्धार सामग्रीहरू केह मात्रामा गाउँपालिकामा तयारी अवस्थामा राखेको छ । वडास्तरीय विपद् जोखिम व्यवस्थापन समिति गठन गरी समितिलाई विपद् व्यवस्थापन सम्बन्धी निरन्तर तालिम तथा ज्ञान, सीप, क्षमताको विकास गर्नु जरुरी छ । यसैगरी यस गाउँपालिकामा विभिन्न कार्यदलहरू पूर्वसूचना तथा सञ्चार, खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालीन शिविर व्यवस्थापन र खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनजस्ता कार्यदलहरू गठन गरी ती कार्यदललाई विभिन्न तालिम तथा आपत्कालीन सामग्रीको व्यवस्थापन गरी समितिको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । यसका साथै विपद् व्यवस्थापन समितिमा आपत्कालीन कोष समेत स्थापना गरी विपद् व्यवस्थापनमा समुदायलाई सक्षम बनाउनु जरुरी छ । कुनै पनि विपद्मा पहिलो सहभागीता तथा पहुँच समुदायकै हुने हुँदा यसै कुरालाई मध्य नजर गर्दै यस गाउँपालिकामा बहुप्रकोपसँग जुध्नका लागि मानवीय, आर्थिक, भौतिक स्रोत साधनको विकास गरी उदयपुरगढी गाउँपालिकालाई विपद् उत्थानशील गाउँपालिकाको रूपमा स्थापित गर्नु जरुरी देखिन्छ ।

## २.७ संस्थागत विश्लेषण

विपद् पूर्वतयारी, रोकथाम र अल्पीकरण, विपद्को समयको प्रतिकार्य र विपद्पश्चात्को पुन:स्थापना पुन:निमार्ण तथा जलवायु परिवर्तन अनुकूलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपल गराउने सरकारी तथा गैरसरकारी निकाय, सामाजिक सङ्घसंस्था, वित्तीय तथा सहकारी संस्था, स्वास् सुरक्षा निकाय र अन्य मानवीय सेवा प्रदायक सङ्घसंस्था आदिको उपलब्धता, पहुँच तथा सम्बन्ध विश्लेषण यस संस्थागत चित्रबाट गरिएको छ। यस औजारको प्रयोगबाट समुदायले विपद् तथा जलव उत्थानशीलताका सम्बन्धमा सामाजिक तथा सार्वजनिक निकायसम्मको पहुँच देखाउन खोजिएको छ । विशेषगरी गाउँपालिकाका शाखाहरू र सबै वडा कार्यालयसँग बलियो सम्बन्ध रहेको पाइएको छ। य गाउँपालिकाभित्र मुख्य रूपमा गाउँपालिकाका प्रहरी चौकी, वडा कार्यालय, वडा स्वास्थ्य चौकीहरू, यु क्लव, बाल क्लव, विद्यालयहरू तथा वित्तीय संस्थाहरू आदि रहेका छन्। विपद् तथा जलवायुजन्य जोखि व्यवस्थापनका लागि पहिचान भएका यी सङ्घसंस्था वा निकायहरूबाट मुख्य रूपमा जनचेतना, रा वितरण, आपत्कालीन शिक्षा, कृत्रिम घटना अभ्यास, खोज तथा उद्धार, भूकम्प प्रतिरोधी संरचना निम गर्नेजस्ता सहयोगहरू समुदायले प्राप्त गर्नेछन् भने समुदायको तर्फबाट पनि यी सङ्घसंस्थाहरूको नेतृ तथा कार्यक्रमहरू कार्यान्वयनमा भूमिका निर्माण गर्ने गरेको पाइएको छ। संस्थागत विश्लेषण वा सम्ब चित्रको विस्तृत विवरण तल राखिएको छ।

तालिका १०: संस्थागत विश्लेषण

| क्र.स. | कार्यालय/सङ्घसंस्था | ठेगाना | विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | विपद्पूर्व | विपद्को समय | विपद्पश्चात् |
| | गाउँपालिकाभित्र | | | | |
| १ | गाउँ पालिकाको कार्यालय | | जनचेतना जगाउने, गाउँपालिकाभित्र विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरू सञ्चालन गर्ने, खोज तथा उद्धार सामग्रीहरूको व्यवस्था गरी राख्ने, नितिनियम तथा कार्यहरूको कार्यान्वयनमा सहजीकरण गर्ने, सुरक्षित आश्रय स्थल निर्माणमा सहयोग गर्ने स्थल निर्माणमा सहयोग गर्ने। | सूचना प्रवाह गर्ने, राहत सामग्री उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापन गर्ने, खोज तथा उद्धारमा सहयोग गर्ने, | खोज तथा उद्धार कार्यम सहयोग गर्ने, राह उपलब्ध गराउने, आश्र स्थलमा सहयोग गर्ने तथ्याङ्क सङ्कलनम सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरूसँ समन्वय गर्ने, पुनर्स्थापना पुनर्निर्माण गर्न सहयो गर्ने, |
| २ | स्वास्थ्य चौकी, स्वास्थ्य इकाई | | विपद्को समयमा आवश्यक पर्ने औजार तथा औषधिहरुको | घाईतेहरुको सक्दो छिटो उपचारमा सहयोग पुर्‍याउने | घाइतेहरूको सक्दो छिटो उपचारमा सहयोग पुर्‍याउने, त्यहाँ उपचार हु |



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर ... मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भन्डारन, स्वास्थ्यसँग सम्बन्धित जनचेतनामुलक कार्यक्रम गर्ने, आवश्यक जनशक्तिको व्यवस्था गर्ने | | नसकेका घाइतेहरूलाई जिल्ला अस्पतालहरूमा पठाउने, स्वास्थ्य शिक्षा र आवश्यकता अनुसार स्वास्थ्य शिविर सञ्चालन गर्ने |
| ३ | वडा कार्यालय ८ वटा | | जनचेतना जगाउने, वडाभित्र विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरू सञ्चालन गर्ने, खोज तथा उद्धार सामाग्रीहरूको व्यवस्था गरी राख्ने, नितिनियम तथा कार्यहरूको कार्यान्वयनमा सहजीकरण गर्ने, सुरक्षित आश्रय स्थल निर्माणमा सहयोग गर्ने, | सुचना प्रवाह गर्ने, राहत सामाग्री उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापन गर्ने, खोज तथा उद्दारमा सहयोग गर्ने, | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रयस्थलमा सहयोग गर्ने, तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरूसँग समन्वय गर्ने, पुनःस्थापना र पुनःनिर्माण गर्न सहयोग गर्ने, |
| ४ | नेपाल प्रहरी | | सम्भावित घटनाहरुको लागि पूर्वतयारीहरू गर्ने, कृतिम घटना अभ्यासहरू गर्ने, जोखिमयुक्त स्थानहरूको पहिचान तथा नक्साङ्कन , | खोज तथा उद्धार कार्य गर्ने, घाइतेहरूको ओसार पसार गर्ने, आश्रय स्थल निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, राहत ओसार पसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, पुनर्स्थापना र पुनःनिर्माण गर्न सहयोग गर्ने, पुनर्स्थापना केन्द्रको सुरक्षा |
| ५ | नेपाल रेडक्रस सोसाइटी | | गैरखाद्य सामाग्री भन्डारन गर्ने । विपद् जोखिम सम्बन्धी सचेतना जगाउने पूर्वतयारी गर्ने, | खोज तथा उद्धारमा सक्रिय हुनका साथै राहत सामग्रीहरू वितरण गर्ने | पुनःनिमार्णका कार्यहरूमा सहयोग गर्ने । विपद् जोखिम सम्बन्धी सचेतना जगाउने |
| ५ | गैरसरकारी संस्था . ओरेक नेपाल ,सहारा नेपाल, हुरेन्डेक,साहास नेपाल, जाल्पा एकिकृत विकाश समाज, वर्ल्ड | | जनचेतना जगाउने, गाउँपालिकाभित्र विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरू सञ्चालन गर्न सहयोग गर्ने, खोज | सूचना प्रवाह गर्ने, राहत सामग्री उपलब्ध गराउने, आश्रयस्थलको व्यवस्थापन गर्न सहयोग गर्ने | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रयस्थल निर्माणमा सहयोग गर्ने, तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, विभिन्न सहयोगी |



अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | भिजन, वन हार्ट र रौता विकास समाज | | तथा उद्धार सामग्रीहरूको व्यवस्था गरी राख्न सहयोग गर्ने, नितिनियम तथा कार्यहरूको कार्यान्वयनमा सहजीकरण गर्ने, सुरक्षित आश्रयस्थल निर्माणमा सहयोग गर्ने, | | निकायहरूसँग समन्वय गर्ने, पुनर्स्थापना र पुर्ननिर्माण गर्न सहयोग गर्ने, |
| ६ | बैंक | | खाद्यान्न तथा राहत व्यवस्थापनमा सहयोग गर्ने, सुरक्षित स्थानहरूमा पूर्वाधारहरू निर्माण गर्न ऋणहरू उपलब्ध गराउने, नगद तथा बहुमूल्य सामग्री घरभन्दा बैंकमा राख्दा सुरक्षित हुन्छ भन्ने कुराको चेतना जगाउने | राहतहरू उपलब्ध गराउने, आश्रयस्थल को व्यवस्थापनमा सहयोग गर्ने | राहतहरू उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापनमा सहयोग गर्ने, तथ्याङ्क सङ्कलनमा गाउँपालिकालाई सहयोग गर्ने, आयआर्जन तथा पुनर्स्थापना र पुनर्निर्माणमा सहुलियत दरमा ऋणहरू उपलब्ध गराउने |
| ७ | सहकारी तथा वित्तीय संस्थाहरू (२२ वटा) | | जनचेतना जगाउने, समूह बनाएर साना साना वचत गर्न लगाउने | सूचना प्रवाह गर्ने, राहत व्यवस्थापनमा सहयोग गर्ने, राहत उपलब्ध गराउने | राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, ऋण उपलब्ध गराउने, आय आर्जनका क्रियाकलापहरूमा सहजीकरण गर्ने |
| ८ | सामुदायिक तथा निजी विद्यालय | | जनचेतनाहरू जगाउने, स्वयम् सेवकहरू तयार गरी तालिमहरू प्रदान गर्ने | उद्धारहरूमा सहयोग गर्ने, आश्रयस्थल उपलब्ध गराउने, राहत सामग्री उपलब्ध गराउने | आश्रयस्थलका लागि भवनहरू उपलब्ध गराउने, जनचेतनाहरू जगाउने, राहत सामग्री उपलब्ध गराउने |
| ९ | महिला तथा आमा समूह | | जनचेतना जगाउने, समूह बनाएर साना साना वचत गर्न लगाउने, जमानी बसेर विना धितो उपलब्ध गराउने | सूचना प्रवाह गर्ने, राहत व्यवस्थापनमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रयस्थलमा सरसफाई तथा जनचेतना जगाउने | राहत उपलब्ध गर्न सहयोग गराउने पीडितहरूको राहतका लागि क्षति विवरण सङ्कलन गर्न सहयोग गर्ने, आश्रयस्थल निर्माण तथा व्यवस्थापनमा सहयोग गर्ने, तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, सहुलियत ब्याजदरमा विना धितो ऋण उपलब्ध गराउने, आय |



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर ...
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आर्जनका कियाकलापहरूमा सहजीकरण गर्ने |
| १० | सामुदायिक वन | | जनचेतना जगाउने, जोखिम क्षेत्रहरूको पहिचान गरी आवश्यक स्थानहरूमा वृक्षारोपण गर्न सहयोग गर्ने, आयआर्जनमा सहयोग गर्ने विभिन्न तालिम,गोष्ठीहरू सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्नमा सहयोग गर्ने | खोज तथा उद्धार कार्यमा सहयोग गर्ने, सुचना प्रवाह गर्ने,आश्रयस्थलका लागि भवन तथा जग्गाहरू उपलब्ध गराउने, काठदाउराहरू उपलब्ध गराउने | आयआर्जनमा र पुनस्थापनमा सहयोग गर्ने |
| ११ | कृषि सेवा केन्द्र | | कृषि उत्पादनमा अनुदान उपलब्ध गराउने, प्राविधिक सहयोग उपलब्ध गराउने, नयाँ प्रविधि तथा बालीहरूको बारेमा जनचेतना जगाउने, विषादीको प्रयोगलाई नियन्त्रण गर्ने , व्यवसायिक खेतीहरूलाई बढावा दिने | सूचना प्रवाह गर्ने, आवश्यक अनुसार समन्वय गर्ने, दक्ष जनशक्ति परिचालन, तथ्याङ्क सङ्कलन गर्ने, क्षतिको लेखाजोखा गर्ने | दक्ष जनशक्ति परिचालन गर्ने, सूचना दिने , तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, कृषकहरूलाई अनुदान उपलब्ध गराउन, कृषिमा प्राविधिक सहयोग गर्ने |
| १२ | पशु सेवा केन्द्र | | पशुपालनमा अनुदान उपलब्ध गराउने, प्राविधिक सहयोग उपलब्ध गराउने, नयाँ प्रविधि तथा पशुपालनको बारेमा जनचेतना जगाउने, पशु शिविर सञ्चालन गर्ने, व्यवसायिक पशुपालन तथा खोर व्यवस्थापन गर्ने | सूचना प्रवाह गर्ने, आवश्यकअनुसार समन्वय गर्ने, दक्ष जनशक्ति परिचालन, तथ्याङ्क सङ्कलन गर्ने, क्षतिको लेखाजोखा गर्ने | दक्ष जनशक्ति परिचालन गर्ने, सूचना दिने , तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, पशुपालन व्यवसायीलाई अनुदान उपलब्ध गराउन, प्राविधिक सहयोग गर्ने |
| | जिल्लाभित्र | | | | |
| १ | जिल्ला प्रशासन कार्यालय | | विपद्सँग सम्बन्धित नीति।नियमहरूको कार्यान्वयनमा सहजीकरण, | खोज तथा उद्धार कार्यमा जनशक्ति परिचालन गर्ने, सूचनाहरू प्रवाह गर्ने, आकस्मिक | खोज तथा उद्धार कार्यमा जनशक्ति परिचालन गर्ने, सूचनाहरू प्रवाह गर्ने, बैठकको आह्वान गरी राहतको व्यवस्थापन गर्ने, |



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

प्रेम बहादुर मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समयसमयमा बैठक आयोजना गरी पूर्वतयारीका कुराहरूको समीक्षा गर्ने, राहत सामग्रीको व्यवस्थापनमा सहयोग गर्ने, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र कामहरूको बारेमा आमनागरिकहरूलाई जानकारी गराउने, DDMP, DPRP तयार गर्ने | बैठकको आह्वान गरी राहतको व्यवस्थापन गर्ने | राहतका लागि माथिल्ल निकायमा सूचनाहरू प्रव गर्ने, पुनर्स्थापना त पुर्ननिर्माणका लागि सहजीकरण गर्ने, |
| | | | | | |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय | | औषधि उपचारहरूको व्यवस्थापन गरी राख्ने, जन शक्तिहरूको के कति आवश्यकता पर्छ तयारी अवस्थामा राख्ने, जन चेतनामूलक कार्यक्रमहरू गर्ने | औषधिसहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरूलाई परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरू गर्ने | औषधिसहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरूलाई परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरू गर्ने |
| ४ | जिल्ला समन्वय समिति | | गाउँपालिकाहरूले गरिरहेका कार्यक्रमहरूको अनुगमन गर्ने, वजेटहरूको निकासा गर्ने, निति नियमहरूको कार्यान्वयनमा गाउँहरूलाई सहयोग गर्ने, | आश्रयस्थलहरू निर्माणका लागि सहयोग गर्ने | तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने गराउने राहतहरू उपलब्ध गराउने पुनर्स्थापना तथा पुर्ननिर्माण कार्यका लागि बजेटहरूको निकास तथा व्यवस्थापन गर्ने |
| ५ | जिल्ला प्रहरी कार्यालय | | सम्भावित घटनाहरूको लागि पूर्वतयारीहरू गर्ने, कृतिम अभ्यासहरू गर्ने, स्थानीय यूवाहरूलाई खोज तथा उद्धार कार्यमा दक्ष बनाउनका लागि विभिन्न सहयोगी निकायहरूसँग समन्वय गरी तालिम | खोज तथा उद्धार कार्यमा जनशक्ति परिचालन गर्ने, घाइतेहरूको ओसारपसार गर्ने, आश्रयस्थल निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामग्री ओसारपसार | खोज तथा उद्धार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसारपसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, पुनर्स्थापना त पुर्ननिर्माण गर्न सहयोग गर्ने |



रमेश राई
प्रशासकीय अधिकृत

मान बहादुर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दिने, खोज तथा उद्धारका सामग्रीहरू भण्डारन गर्ने | तथा वितरणमा सहयोग गर्ने। | |
| ७ | शसत्र प्रहरी बल | | सम्भावित घटनाहरूका लागि पूर्वतयारीहरू गर्ने, कृतिम अभ्यासहरू गर्ने, स्थानीय यूवाहरूलाई खोज तथा उद्धार कार्यमा दक्ष बनाउनका लागि विभिन्न सहयोगी निकायहरूसँग समन्वय गरी तालिम दिने | खोज तथा उद्धार कार्यमा जनशक्ति परिचालन गर्ने, घाइतेहरूको ओसारपसार गर्ने, आश्रय स्थन निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामग्री ओसारपसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्धार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसारपसार तथा वितरणमा सहयोग गर्ने, आश्रयस्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, पुनःस्थापना र पुनःनिर्माण गर्न सहयोग गर्ने, |
| ८ | जिल्ला अस्पताल | | औषधि उपचारहरूको व्यवस्थापन गरी राख्ने, जन शक्तिहरूको के कति आवश्यकता पर्छ तयारी अवस्थामा राख्ने, जन चेतनामूलक कार्यक्रमहरू गर्ने | औषधिसहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरूलाई परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरू गर्ने | औषधिसहितको जनशक्ति परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरू गर्न सहयोग गर्ने, घाइतेहरूको औषधि उपचार गर्ने |
| ९ | खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय | | खानेपानी मुहानहरूको संरक्षणमा सहयोग गर्ने, सरसफाइहरुमा जनचेतना जोगाउने | खानेपानीको व्यवस्थापन, विपद्को समयमा बिग्रिएको पाइपहरूको मर्मत गर्ने, आवश्यकताअनुसार आश्रय स्थलमा सफा र सुरक्षित पानीको व्यवस्थापन गर्ने | क्षति भएका मुहानहरूको मर्मत सम्भार गरी संरक्षण गर्ने , बिग्रिएका पाइपलाइन तथा धाराहको मर्मत सम्भार गर्ने , पुर्ननिर्माण तथा पुनर्स्थापना गर्दा आवश्यक पर्ने पानीको व्यवस्थापन गर्ने |
| १० | कृषि ज्ञान केन्द्र | | कृषि उत्पादनमा अनुदान उपलब्ध गराउने, प्राविधिक सहयोग उपलब्ध गराउने, नयाँ प्रविधि तथा वालीहरूको बारेमा जनचेतना जगाउने, विषादीको प्रयोगलाई नियन्त्रण गर्ने , व्यवसायिक खेतीहरूलाई वढावा दिने फलफूलका | सूचना प्रवाह गर्ने, आवश्यकअनुसार समन्वय गर्ने, दक्ष जनशक्ति परिचालन, तथ्याङ्क सङ्कलन गर्ने, क्षतिको लेखाजोखा गर्ने | दक्ष जनशक्ति परिचालन गर्ने, सूचना दिने , तथ्याङ्कन सङ्कलनमा सहयोग गर्ने, कृषकहरूलाई अनुदान उपलब्ध गराउन, कृषिमा प्राविधिक सहयोग गर्ने फलफूलका विरुवा , उन्नत जातका विउहरू उपलब्ध गराउने, आयआर्जनमा प्राविधिक तथा आर्थिक सहयोग गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बिरुवा, उन्नत जातका बिउहरू उपलब्ध गराउने | | |



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर तामाङ
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

## २.८ तापक्रम र वर्षाको विश्लेषण :

जल तथा मौसम विज्ञान विभागबाट स्थापना गरिएका जल तथा मौसम मापन केन्द्रको सङ्ख्या, स्थान र अवस्थाको अभिलेख राखी सम्बन्धित वडा, तथा गाउँपालिकाको विगत ३० वर्ष अवधिको वर्षा र तापक्रमको तथ्याङ्क प्राप्त गरी औसत वर्षा र तापक्रममा आएको परिवर्तन विश्लेषण गरिन्छ। यसअर्न्तगत केन्द्रको प्रकार, स्थान, मापन गरिने मापदण्ड, पूर्वसूचना प्रणाली, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग जोडिएको छ वा छैन र हालको अवस्थाको बारेमा उल्लेख गर्नुपर्ने हुन्छ। मानवीय दृष्टिकोणले हेर्दा नेपालको तराई र पहाडी भू–भागमा रहेका जिल्लाहरूमध्ये उदयपुर जिल्ला अत्यन्तै जोखिममा रहेको जसमा उदयपुरगढी गाउँपालिका पनि अत्यन्तै जोखिममा रहेको छ। यस गाउँपालिकाको अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ५ डिग्री सेल्सियस छ। मनसुन ऋतुमा बङ्गालको खाडीबाट आउने मनसुनी हावाका कारणले वर्षा हुन्छ।

## २.९ लक्षित समूह विश्लेषण :

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारकों प्रयोगबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समूहमा छलफल गर्नु नै लक्षित समूह छलफल हो। समुदायका महिला, बालबालिका, सीमान्तीकृत वर्ग, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, र अल्पसङ्ख्यकसमेत सबै वर्गलाई समेटेर यस प्रकारको छलफल गरिएको छ। यस्तो छलफलमा सबै सहभागीलाई समान रूपले आफ्ना विचार र भनाइ राख्न प्रोत्साहित गरिएको छ। विपद् तथा जलवायु परिवर्तनका कारण यस गाउँपालिकाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा वन तथा जैविक विविधता, जलवायुजन्य प्रकोप, जलस्रोत र ऊर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य, आदि क्षेत्रहरूमा ३० वर्ष पहिले र हाल महसुस गरिएको असर तथा प्रभाव एवम् भविष्यको अनुमानका बारेमा छलफल गरी निम्नअनुसारको ढाँचामा सूचीकृत गरिएको छ। विपद् र विपद्को सवाल, जीविकोपार्जन तथा खाद्य सुरक्षा (जस्तै: उत्पादनमा घटबढ), जलस्रोत तथा ऊर्जा (पानीको मुहान सुक्नु, अथवा, नयाँ देखा पर्ने ,तथा लोप हुनु), मानव स्वास्थ्य (खानेपानी सरसफाई तथा महामारी) जस्ता विषयमा छलफल गरिएको छ। जसलाई तलको तालिकामा दिइएको छ।

तालिका ११ : ३० वर्ष पहिले र हाल महसुस गरिएको असर तथा प्रभाव एवम् भविष्यको अनुमान

| क्र स. | समस्या | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | सम्बन्धित सम्भावनका उपायहरू |
|---|---|---|---|---|---|
| १ | विपद् र विपद्को सवालहरू ( भूकम्प, पहिरो बाढी , जङ्गली जनावरको आतङ्क ( बाँदर) चट्याङ | सामान्य बाढी तथा पहिरोको प्रभाव कम थियो । मानव सिर्जित कारणभन्दा पनि प्राकृतिक कारणलै नै घटनाहरू वढी भएका थिए तर कृषकहरू | सडक बिस्तार सगै दुर्घटनामा वृद्धि , खोलानालाहरुमा पर्यात अल्पस्कराण्का काम नहुँदा बाढी र पहिरोको समस्या बढेदै गएको । | जनचेतनाको कमी, अव्यवस्थित विकास निर्माण, जनसङ्ख्या वृद्धि, प्राकृतिक श्रोतको अत्याधिक उपयोग , जलवायु परिवर्तन, वन विनास | चेतना अभिवृद्धि, जोखिमको लेखाजोखा, एकीकृत विकास निर्माण, समुदायको क्षमता अभिवृद्धि, समुदाय केन्द्रित किट र सामग्रीको व्यवस्थापन गर्ने , सडक विस्तारमा ध्यान दिने । सुरक्षित स्थानमा बस्ती बसाउने, वर्षाको समयमा ढल,नालाको व्यवस्थापन गर्ने । वतावरणीय प्रभाव मूल्याङ्कन गरी वन |



रविना राई
प्रशासकीय अधिकृत

भीम बहादुर केरुङ्ग मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | खेतबारीमा गोठ बनाएर बस्ने र जङ्गलमा पर्याप्त कन्दमुल पाइने हुंदा हत्ती र बाँदर आतङ्क समुदाय थिएन। | जीविकोपार्जनमा समस्या<br>विपद्को सङ्ख्या र विपद्को बारम्बरतामा वृद्धि, प्रभावमा वृद्धि , समुदायको जोखिम थप वृद्धि, वहुप्रकोपको सङ्कटासन्नतामा वृद्धि, नयाँ प्रकारका समस्यामा सिर्जना, सामुदायिक उत्तरदायित्व ह्रास , सहर केन्द्रित बसाईं सराइ, वातावरण परिवर्तन को कारणले जीविकापार्जनमा समस्या, | | समितिहरूसँग सहकार्य र बायोइन्जिरिङ प्रविधि अवलम गर्ने । जंङ्गली क्षेत्रमा फलफ तथा कन्दमुल लगाउने । |
| २ | जीविकोपार्जन तथा खाद्य सुरक्षा ( जस्तैः उत्पादन घट्नु | पशुपालनमा सहजता प्रशस्त मात्रामा अन्नवाली हुने बाली बिरुवामा रोग कम, पशु चौपायालीई औषधि खुवाउनु नपर्ने, परपरागत खेती प्रणाली, माटोको उर्वरा शक्ति, भएको, रैथाने बिउको मात्रा प्रयोग हुने | सिचाइको अभाव, मौसमी वर्षामा कमी , खेती लगाउने र भित्रयाउने समयमा ढिलाइ, उत्पादनको कमीले खाद्यान्नमा समस्या। अधिकाशं ८० प्रतिशत परिवारका सदस्यहरु कृषि पेसामा आवद भएकाले सवै खेतबारी र पाखमा खेत वरपर प्रयोग गरिन्थ्यो । | पानी पर्ने मौसममा परिवर्तन, आवश्यकताअनुसार पानी नपर्नु, रासायनिक मलको अत्यधिक प्रयोग प्रायः भएको कारण जमिनको उत्पादकत्वमा ह्रास आउन थालेको, , जनसङ्ख्या वृद्धि, युवा शक्तिको पलायन, बजारको समस्या | सिँचाइको प्रबन्ध, सीप विकास जोड, वैकल्पिक खेती प्रणाली विकास, नयाँ उन्नत जातको वि मल ,विषादीको प्रयोग ,कृषि त पशु व्यवसाय आधुनिकीकरण त बजार व्यवस्थापन, स्थानी बिउबिजनको प्रयोग गर्न प्रोत्साह गर्ने, आधुनिक कृषि प्रणाली प्रयोगले वातावरणमा आए परिवर्तनको बारेमा विस्तृ जानकारी गराउने, भूमिक वर्गीकरण गरी सोही बमोजि प्रयोग गर्नको लागि समुदायला प्रोत्साहित गर्ने |



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मानव स्वास्थ्य , खानेपानी सरसफाइ तथा महामारी | दादुरा, , खानेपानीको प्रशस्त उपलब्धता, वातावरणीय सरसफाइको कारणको साथसाथै मानिस र पशुले प्रयोग गर्ने मलको प्रयोग कम हुने हुँदा दीर्घकालीन रोगहरू भने कम देखिन्थ्यो । पानीजन्य रोगहरूमा कमी थियो | पानी जन्य रोगहरूका वृद्धि ,आँखा तथा छाला सङ्क्रमणमा वृद्धि, झाडापखाला तथा श्वासप्रश्वासमा समस्या, पानीका मूलहरू सुक्दै जानु, प्लाष्टिकजन्य समग्रीको अत्यधिक प्रयोगले , सरसफाइको समस्या,मानिस तथा पशुपक्षीले उपयोग गर्ने, खानेकुरामा अत्यधिक विषादी र अखाद्य मिसावट हुनाले स्वास्थ्य समस्या बढ्दै गएको छ । | जनसङ्ख्याको वृद्धि, खानपानमा आएको परिवर्तन , वातावरणीय प्रदूषण, मौसममा आएको परिवर्तन, जलसम्पदाहरू प्रदूषित , सरसफाइको अभाव अखाद्य र खानेकुराहरूमा मिसाटव । | सचेतना अभिवृद्धि, सरसफाइको इकाइहरूको निर्माण र पहल , उचित ढल निकासको व्यवस्था, खानेपानी शुद्धीकरण र व्यवस्थापन चुस्त स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि नियमित युवाहरूलाई स्वास्थ्य तथा मेटनेरी सम्बन्धी तालिम उपलब्ध गराउने । |
| ४ | वन तथा जैविक विविधिता . | वन तथा जैविक विविधताको रामो अवस्था, आवश्यकता अनुसार स्रोतहरुको उपलब्धता, रैथाने विउविजनको प्रयोग गरिन्थ्यो । कृषि तथा अन्न बालीहरूमा रोग तथा किराहरूको सङ्क्रमण भए पनि विषादीहरूको सट्टा प्राङ्गारिक मल | वन फानी , जैविक विविधतामा समस्या, जलाधारको स्रोतहरूमा कमी, विभिन्न प्रजातीका पक्षीप र मत्युहरूको लोप हुँदै जादा , प्राकृतिक प्रकोपको समस्या, बालीनाली तथा पशु चौपायाहरूमा विभिन्न रोग लाग्नु | जनसङ्ख्या वृद्धि वन डढेलो, वन फडानी, वन पैदावरको चोरी निकासी, वातावरणमा आएको परिवर्तन, अत्यधिक मल तथा विषादीको प्रयोग | सचेतना वृद्धि, वृक्षारोपण , प्लाष्टिकजन्य सामग्रीको प्रयोगमा प्रतिबन्ध , प्राङ्गारिक मल प्रयोजनमा प्रोत्साहन, वैकल्पिक खेती प्रणालीको विकास, वैकल्पिक ऊर्जाको प्रवर्धन आमा समुह तथा युवा क्लवहरू परिचालन गरी जनचेतना र सचेतना अभियान सञ्चालन गर्ने । , |



रमेश राई
प्रशासकीय अधिकृत

अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | तथा घरमा नै औषधि बनाएर प्रयोग गरिन्थ्यो। | | | |
| ४ | जलस्रोत तथा ऊर्जा | शुद्ध पिउने पानीको पर्याप्तता, सिँचाइ तथा अन्य प्रयोजनको लागि पानीको उपलब्धता, परम्परागत ऊर्जाको प्रयोग, मौसमी वर्षाका कारण कृषि उत्पादनमा सन्तुलन | पानीका स्रोतहरू सुक्दै जानु, खानेपानीको अभाव, सिँचाइको अभाव, पानीजन्य रोगहरूमा वृद्धि, बेमौसमी अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि | खेतीबालीमा विभिन्न विषादीको प्रयोग , प्लाष्टिक जन्य सामग्रीको प्रयोग , वन फडानी , पानीको मुहानहरू सुक्दै जानु, | व्यवस्थित खानेपानीको योजन जल तथा जलाधारको संरक्ष वृक्षारोपण, भूमिगत पानी व्यवस्थापन, |

## २.१० भू-उपयोग जोखिम विश्लेषण

यस उदयपुरगढी गाउँपालिकामा उपलब्ध तथ्याङ्कको आधारमा भू-उपयोग जोखिम विश्लेषण गरिएको । भू-उपयोगिताको हिसाबले पुथा उत्तरगङ्गा गाउँपालिकालाई वन क्षेत्र, कृषि क्षेत्र, तालतलैया खोला तथा पानीले ढाकेको, सिमसार,भिर तथा अन्य गरी भू-उपयोग प्रणालीहरूमा विभाजन गरिएको छ। उदयपुरगढी गाउँपालिकाको बढी जसो भूभाग वन तथा चरन क्षेत्रले ओगटेको देखिन्छ, भने त्यसै दोस्रोमा सिमसार, भिर तथा पहराले ओगटेको पाइन्छ। औद्योगिक क्षेत्रका रूपमा न.पा. भित्र भू(उपय भएको छैन भने कूल क्षेत्रफलको १९.४४ प्रतिशत जमिन मात्र खेती योग्य रहेको छ। भू उपयोगसम्ब विस्तृत विवरण देहाय बमोजिम रहेको छ। यस उदयपुरगढी गाउँपालिकाको भू(उपोगिताको नक्सा तल चित्रमा देखाइएको छ।


| भू बनोट प्रकृति | क्षेत्रफल |
|---|---|
| वन जङ्गल | १६९३५.९१ हेक्टर (Hectare) |
| नदी नाला | २२.६२ हेक्टर (Hectare) |
| खेतीयोग्य जमिन | ९१०३.३१ हेक्टर (Hectare) |
| आवास क्षेत्र | १८.९९ हेक्टर (Hectare) |
| ओद्योगिक क्षेत्र | ३.४८ हेक्टर (Hectare) |



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर तामाङ
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

CamScanner




*स्रोतः भू-उपयोग योजना उदयपुरगढी गाउँपालिका*

## २.११ सङ्कटासन्नता तथा क्षमता विश्लेषणमार्फत सङ्कटासन्नता स्तरीकरण :

यस उदयपुरगढी गाउँपालिकामा विगतमा के-कस्ता प्रकोपका घटना भएका थिए । तिनको सूची तयार गरी त्यसबाट भएको क्षतिको विवरण तयार गरी प्राप्त सूचनाको विश्लेषणबाट कुन वडाको कुन बस्ती कुन प्रकोपका कारण कुन स्तरमा सङ्कटासन्न छ भन्ने पत्ता लगाउने प्रयास गरिएको थियो । सामाजिक स्रोत नक्साङ्कन, जोखिमको अवस्थाको अध्ययन, अन्य सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारको

प्रयोग तथा समुदायसँगको छलफलबाट प्रकोपका जोखिमका हिसाबले गाउँपालिका कति घरपरिवार उ
मध्यम र न्यून सङ्कटासन्न छन् भनेर छुट्याइएको छ। स्थानीय विपद् तथा जलवायु उत्थानशील यो
तर्जुमा निर्देशिका २०७४ अनुसार मानवीय क्षति, प्रभावित परिवार सङ्ख्या, घरको क्षति, आर्थिक
खेतीयोग्य भूमि, तथा वनक्षेत्रको क्षति, सामाजिक क्षति, विगतमा भएका विपद्का घटनाक्रम,
लगाउने वा भित्रयाउने समयमा आएको परिवर्तन,जोखिमले भविष्यमा पार्न सक्ने असर, संस्थागत क्ष
जनङ्ख्याको विश्लेषण, स्थानीय ज्ञान, सीप, प्रविधिलाई सूचक मानी यस गाउँपालिकाको वड
सङ्कटासन्नत वर्गीकरण गरिएको छ।

## २.१२ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन

स्थानीय ज्ञान र सीपको प्रवर्धनमार्फत विपद्को सामना गर्न र भविष्यमा अपनाउनु पर्ने विधिको पहि
गर्न समुदायले विपद्को सामना गर्न अपनाउने गरिएका विधिहरूको सूची तयार गरिएको छ। समुदा
प्रयोग गर्ने मुख्यमुख्य स्थानीय ज्ञान, सीप र विधिको तल बुँदागत रूपमा टिपोट गरिएको छ भने वि
अघि, विपद्को समय र विपद्पछि व्यक्तिगत रूपमा र सामूहिक रूपमा अपनाउने गरिएको स्थानीय ज्ञ
सीप र प्रविधिको विस्तृत रूपमा तालिका न १२ मा व्याख्या गरिएको छ।

**तालिका १२: स्थानीय ज्ञान, सीप र प्रविधिको लेखाङ्कन**

| क्र.स. | विपद् / प्रकोपको प्रकार | विपद् पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइए विधि | |
|---|---|---|---|---|---|
| | | **व्यक्तिगत रूपमा** | **सामुदायिक रूपमा** | **व्यक्तिगत रूपमा** | **सामुदायिक रूपम** |
| १ | बाढी | घरायसी सचेतना, घर तथा खेतबारीमा कुलेसो काट्ने, भलपानी तर्काउने | तटबन्ध निर्माण, डुबान क्षेत्रमा पानीको निकासको प्रबन्ध, वृक्षारोपण | खाना तथा आवासको व्यवस्था , पानी निकासको प्रवन्ध, सहयोगको लागि विभिन्न सङ्घसंस्थामा अपिल | राहतको व्यवस्थापन, व तथा तटब निर्माण, प्रभावितहरूलाई सहयोग, खोज त उद्धार रा वितरणमा, गा प्रहरी रेडक्रस सहयोग गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | आगलागी | आगो लगाउने प्रज्ज्वनशील सामग्रीहरू (जस्तै सलाई ,लाइटर ,बच्चाको पहुँचबाट टाढा राख्ने | जनचेतनामूलक गतिविधिहरू, | आगो लागेपछि प्रहरीलाई खबर गरेको, | आगो निभाउने( बालुवा, झारपात) घरभित्र रहेको महत्वपूर्ण कागजात सामग्रीको निकाल्ने, जनचेतनामूलक कार्यक्रम गर्ने गरेको , नगद सहयोग |
| ३ | हावाहुरी | कमजोर घरको छाना बलियो बनाउने | जनचेतना जगाउने | विपद् परिरहेको बेला पशु चौपाया र व्यक्तिहरूलाई सुरक्षित स्थान लैजाने | आवश्यकताअनुसार राहत वितरण गर्ने गरेको |
| ४ | जङ्गली जनावरको आतङ्क(बाँदर) | | धपाएर खेतवारी जोगाउने गरेको | व्यक्तिगत रूपमा समुदायहरूलाई खबर गरी उनीहरूको सहयोग लिएर धपाउने गरेको, | |
| ५ | चट्याङ | घर बनाउदा अर्थिगङ गर्ने | जनचेतना जगाउने | बिजुली चम्केको बेला घरबाहिर नजाने | |
| ६ | महामारी (कोभिड) | स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउने | स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउने | लकडाउनको पूर्ण पालना गरियो, | सङ्क्रमितलाई क्वारेन्टाइनमा र आइसोलेसनमा राखियो राहत सामग्री वितरण गरियो |
| ७ | पहिरो | वृक्षारोपण गर्ने ,पहिरो ग्रस्त क्षेत्रमा बसोबास नगर्ने | जनचेतना जगाउने | व्यक्तिगत रूपमा पशु चौपाया र व्यक्तिहरूलाई सुरक्षित स्थानमा लैजाने गरको | विस्थापितहरूको सहयोगको लागि स्थानीय तह, रेडक्रस सुरक्षा निकायससँग समन्वय गरी नगद सहयोग |

## २.१३ सम्पन्नता स्तरीकरण

नेपाल सरकारद्वारा सञ्चालित गरिब घरपरिवार पहिचान सर्वेक्षण विधिद्वारा पहिचान भएका गरिब घरपरिवारको स्थानीय तहगत विवरणलाई स्रोत मानी अति गरीव मध्यम गरीव, सामान्य गरीव र धनी घरपरिवार छुट्याइएको छ । यस गाउँपालिकामा बसोबास गरिरहेका घरपरिवारहरूको विपन्नता स्तरीकरणका आधारमा घरधुरी संख्या प्रस्तुत गरिएको छ। यहाँ विपन्नता स्तरीकरण गणना गर्दा आफ्नो उत्पादनले ३ महिना पनि खान नपुग्ने अति गरिब, आफ्नो उत्पादनले ३ देखि ६ महिना खान पुग्ने गरिब, आफ्नो उत्पादनले ७ देखि १२ महिना खान पुग्ने मध्यम र आफ्नो उत्पादनले ९ देखि १२ महिना वा खाद्यान्न बिक्री गर्नेलाई सामन्य गरिबको सूचीमा वर्गीकरण गरिएको छ। जसको तथ्याङ्क देहाउ अनुसार रहेको छ ।

| वडा न | अति गरिब घरपरिवार | मध्यम गरिब घरपरिवार | सामन्य गरिब घरपरिवा |
|---|---|---|---|
| १ | १८५ | १६८ | ६४ |
| २ | ११० | ८७ | ३२ |
| ३ | ५२ | ७५ | ३६ |
| ४ | २२ | ४३ | २८ |
| ५ | ४४ | ६० | १०१ |
| ६ | ६८ | ७७ | ७० |
| ७ | ८३ | १०१ | १०३ |
| ८ | ७५ | ७७ | ४१ |
| जम्मा | ६३९ | ६८८ | ४७५ |

## २.१४ गाउँपालिकाको क्षमता विश्लेषण :

उदयपुरगढी गाउँपालिकामा गाउँपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति गठन भ छ । यसले गर्दा समुदायलाई विपद्सँग सामना गर्ने क्षमता विकासमा सहयोग गर्नेछ । यस व्यवस्थापन समितिलाई विपद्सम्बन्धी विभिन्न तालिमहरू प्रदान गरी तिनिहरूको ज्ञान, सिप र क्षमत विकास गर्नु जरुरी छ। यसका साथै विपद् व्यवस्थापन समितिलाई सक्षम बनाउनका लागि आपत्का कोषको स्थापना गरी त्यसको बढावा गर्न सके विपद् व्यवस्थापन समितिको क्षमता बढ्ने देखिन्छ। गाउँपालिकामा कार्यरत वडा कार्यालयहरू, स्वास्थ्य चौकी, नेपाल रेडक्रस सोसाइटी उपशाखा, चौकी, विद्यालयहरू, बैंक तथा ऋण सहकारी संस्थाहरू, सरकारी तथा गैरसरकारी निकायहरू आदि पनि क्षमता मान्न सकिन्छ। गाउँपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थ जसले यस क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र समुदायको क्षमता बढाउने कामहरू गरिरहेका छ गाउँपालिकामा रहेका विभिन्न राजनीतिक दल तथा समूहहरू, आमासमूह, महिला समूह, विभिन्न समूह, गाउँपालिकाभित्रका युवा तथा बाल क्लवहरू, टोल विकास संस्थाहरूलाई यस गाउँपालि क्षमता मान्न सकिन्छ। यसैगरी यस गाउँपालिकामा रहेका शिक्षक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत स पनि छन्,जसको ज्ञान तथा सीप विपद् व्यवस्थापनमा प्रयोग हुन सक्छ।

यसका साथै यस गाउँपालिकाभित्रका खुल्ला क्षेत्रहरू, विद्यालय भवन, विद्यालयको खाली चौर, सामुदा वन, सामुदायिक भवन, पानीको स्रोतहरू (मूल, नदी तथा कुवा)लाई पनि क्षमता मान्न सकि गाउँपालिकामा भएका विभिन्न क्षेत्रहरूका पहुँचवाला समुदायका व्यक्तिहरू यस गाउँपालिकाका क्ष हुन। यस गाउँपालिकामा रहेका सिकर्मी, तथा डकर्मीहरूले स्थानीय सीप र आफ्नै क्षमता र दक्ष आधारमा काम गर्ने गरेका छन् । उनीहरूमा स्थानीय स्रोत र सामग्री परिचालन गरी भूकम्प प्रति संरचना निर्माण गर्ने सीप तथा क्षमताको विकास गर्नुपर्ने देखिन्छ। यसैगरी यहाँ भएका दक्ष जनश रूपमा तालिम प्राप्त स्वयंसेवक, ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता ,तालिम प्राप्त कृषि प्राविधिक, शि

कर्मचारी, स्वयंसेवक, सिकर्मी र डकर्मीहरूलाई थप तालिम प्रदान गरी उक्त मानव स्रोतको सीपलाई विपद्का बेला प्रयोग गर्न सकिन्छ, त्यसैले यसलाई क्षमता मान्न सकिन्छ ।

विपद्का घटनाबाट हुन सक्ने क्षतिलाई कम गर्न वा सामना गर्न सामाजिक, भौतिक एवं धारणागत क्षमताहरू अभिवृद्धि गरी उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गर्नु आवश्यक छ । त्यसैले स्थानीय श्रोत र साधनलाई उपयोग गर्दै विपद् व्यवस्थापन कार्यलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी जोखिम कम गर्ने उपायको खोजी गर्ने वडामा रहेको स्रोत साधनहरूको पहिचान गरी विश्लेषण गरिएको छ ।

यस उदयपुरगढी गाउँपालिकाको क्षमताको स्रोतअन्र्तगत २९ वटा खेल मैदान र पिकनिक स्थलहरु, २ वटा युवा क्लव, ६ वटा धार्मिक तथा ऐतिहसिक स्थल, ६३ वटा सामुदायिक वन , ठूला खोलाह ३ वटा , एम्बुलेन्स ५ वटा, आगो निभाउन ३०, पानी टयाङ्की १ वटा , कालो पत्रे २४ किमी, ग्रभेल ६० किमी, कच्ची सडक ४०० कि.मी ,पक्की पुल २ वटा ,झोलुङ्गे ६५ वटा, बैंक तथा वित्तीय संस्था २ वटा, सहकारी संस्था २४ वटा, सामुदायिक विद्यालय ६० वटा, धार्मिक गुम्बा १, निजी (बोर्डिङ्ग) ५, स्वास्थ्य चौकी ४ वटा,निजी क्लिनिक १ वटा ,बर्थिङ सेन्टर ४ निजी पोलिक्लिनिक १ वटा , EPI clinic 30, FCHV - 61, CHV-1, BHSC-2, कर्मचारी ७६, स्वास्थ्यकर्मी ३१ र शिक्षक शिक्षिका ३६६ जना रहेका छन् । यसका साथै खोज उद्धार तथा प्रतिकार्यका सामग्रीहरू पालिकामा भन्डारन गरेर राखिएको छ । विपद्को समयमा गाउँपालिकामा भएका यी मानवीय स्रोतहरू तथा सामग्रीहरू परिचालन गर्न सकिन्छ

## २.१५ खुलाक्षेत्र सम्बन्धी विवरण

यस उदयपुरगढी गाउँपालिका क्षेत्र क्षेत्रफल र जनसङ्ख्याको हिसावले न्यून जनङ्ख्या भएको क्षेत्र मानिन्छ । ठूला ठूला भवन, संरचना, उद्योग, कलकारखानाहरू नभएकाले अधिकांश भूभाग खुला रूपमा रहेको छ । प्राकृतिक विपद्को बेला आवश्यक पर्ने खुला क्षेत्रको रूपमा यस क्षेत्रमा रहेका जम्मा ८ वटा वडाहरूमा प्रति वडा न्यूनतम १/१ स्थानका दरले जम्मा १४ वटा खुलाक्षेत्र पहिचान गरी घोषणा गरिएको छ ।

| स्थान | खुला क्षेत्रको नाम | क्षमता |
|---|---|---|
| वडा न १ | घुवाजन मा.वि. चौर<br>आ.वि. मुर्मे | १०० घरधुरी<br>१५ घरधुरी |
| वडा न २ | मसिडटार स्वास्थ्य चौकी अगाडी | २० घरधुरी |
| वडा न ३ | मा.वि.छिन्द्रिङ खोला | २५ घरधुरी |
| वडा न ४ | मा.वि जलकेनी | २५ घरधुरी |
| वडा न ५ | टुडीखेल | १००० घरधुरी |
| | नागवेली खेलमैदान | १०० घरधुरी |



CamScanner

| | | |
|---|---|---|
| वडा न ६ | नेपालटार खेलमैदान<br>ओदाले खेलमैदान | ३०० घरधुरी<br>१०० घरधुरी |
| वडा न ७ | मा.वि हाडेबास<br>हाडेबास | १०० घरधुरी<br>२०० घरधुरी |
| वडा न ८ | उ.मा.वि भलायाडाडा<br>वडा कार्यालय<br>आ.वि गैडाखोर | ५० घरधुरी<br>२० घरधुरी<br>२५ घरधुरी |

## खण्ड ३ दीर्घकालीन सोच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

### ३.१ दीर्घकालीन सोच

उदयपुरगढी गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम व्यवस्थापनका का संस्थागत गरी विपद् उत्थानशील समुदायको निर्माण गर्ने ।

### ३.२ परिदृश्य:

गरिब, सङ्कटासन्न र सामाजिक रूपले बहिष्कृत समुदाय र उनीहरूको घर स्तरमा रहेको कुपोष कमजोर स्वास्थ्य तथा अन्य प्रकोपजन्य र जलवायुजन्य विपद् जोखिम न्यूनीकरणका तथा जलवाय जोखिम व्यवस्थापनका क्रियाकलापहरूमा समुदायको अधिकतम सहभागितामार्फत हरेक समुदायको तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गर्ने । विपद्बाट हुने मानवीय, सामा आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरूमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलत उन्मुख गर्नु ।

### ३.३ लक्ष्य

उदयपुरगढी गाउँपालिकामा रहेको विभिन्न तरिकाले जोखिम र सङ्कटासन्नता अवस्थामा घरपरिवारको अवस्था विश्लेषण, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रि मूलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्ने ।

### ३.४ उद्देश्य

क) समुदाय, वडा तथा गाउँपालिकास्तरमा विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्य आधार र मापदण्ड निर्धारण गर्नु ।

(ख) समुदाय, वडा तथा गाउँपालिका स्तरमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश् गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकी गर्दै स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरणमा विपद् तथा जलवायु उत्थानशील योजनाह निर्माणमा योगदान पुऱ्याउनु ।

(ग) समुदाय, वडा तथा गाउँपालिकास्तरका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरूजस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चिता गर्ने ।

(घ) समुदाय र घरपरिवारस्तरको पोषण र स्वास्थ्य क्षेत्रको क्षमता सबलीकरणका लागि घरपरिवारस्तरको कार्ययोजना निर्माण गरी उनीहरूको पहलमा उत्थानशीलता निर्माणका लागि आगामी क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

## ३.५ नीति

वडा तथा गाउँपालिका, स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा सङ्घसंस्थाहरूसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिमार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरूलाई विपद् तथा जलवायुसम्बन्धिका गतिविधिहरूमा सहभागिता गराई समुदायको उत्थानशीलताका योगदान पुऱ्याइनेछ ।

## ३.६ रणनीति

स्थानीयस्तरको समुदाय, वडा तथा स्थानीय तहमा रहेका सरोकारवाला निकाय तथा सङ्घसंस्थाहरूसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरूको गठन गर्ने तथा उक्त समितिमार्फत समितिका सदस्यरू तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरूलाई विपद् तथा जलवायुसम्बन्धिका गतिविधिहरूमा सहभागिता गराई क्षमता विकास गराइनेछ । उक्त निर्देशिकाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, सांस्कृतिक तथा पर्यावरणीय संरचना अनुकूल विभिन्न रणनीतिहरू अवलम्वन गर्न सकिनेछ। साथै समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरी योजनाको कार्यान्वयन गरिनेछ। स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशील स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि प्रोत्साहन गर्ने साथै नदी कटानमा रहेका उच्च सङ्कटासन्न बस्ती तथा बाढीबाट हुने मानवीय तथा भौतिक क्षतिलाई रोक्नका लागि पानीजन्य विपद्को पूर्वसूचना प्रणालीको स्थापना, स्थानीय निकाय र राज्यसरकारसँगको समन्वय तथा सहकार्य गरी पहलकदमी सुरुवात गरिनेछ । समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण वा व्यवस्थापनका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, स्रोत र साधनको उपयोग गर्नुका साथै यस्ता स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकूलनका कार्यक्रमहरूलाई स्थानीय वार्षिक तथा आवधिक विकासका योजनाहरूमा मूलप्रवाहीकरण गर्दै लैजाने विषयलाई ध्यान दिन जरुरी छ ।

## खण्ड ४ स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरू

### ४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी ,रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरू:

यस गाउँपालिकाअन्तर्गत रहेका विभिन्न वडाहरूमा गरिएको सङ्कटासन्नता क्षमता विश्लेषण त अनुकूलन क्षमता विश्लेषणबाट पहिचान भएका प्रकोपहरूको आधारमा यो योजना निर्माण गरिएको योजना निर्माण गर्दा सम्पूर्ण वडाहरूमा देखिएको प्रकोपमध्ये मुख्य प्रकोपलाई योजनामा समावेश गरिए छ । योजना तर्जुमा गर्दा विपद् पूर्वका क्रियाकलाप, विपद्को समयका क्रियाकलापहरू र विपद्पश्चात क्रियाकलापहरू गरी मुख्य तिन भागमा छुट्याइएका छन् । यसका साथै नीतिगत, जनचेतना अभिवृद्धि योजना, पूर्वतयारीका योजना भौतिक पूर्वाधार विकासका योजना, विपद् सामनाका योजना तथा पुर्नल योजनाहरु समावेश गरिएको छ ।

### ४.१.१ नीतिगत व्यवस्था तथा निर्णय:

यस योजनाअन्तर्गत विभिन्न प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्हरूको सामना गर्न गाउँपालिकास्तरी विपद् जोखिम तथा जलवायु उत्थानशील समितिका साथै वडास्तरीय समितिहरू निर्माण गरिएको र उ समितिहरूले गर्ने कार्य तथा जिम्मेवारीहरू निर्धारण गरिएको छ । साथै निम्न उल्लिखित नीति कार्ययोजनाहरू निर्माण गरिएको छ ।

### ४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि

उदयपुरगढी गाउँपालिकाअन्तर्गतका विभिन्न समुदाय तथा वडामा पहिचान भएका जोखिम त प्रकोपहरूको कारणले प्रभावित क्षेत्र तथा पार्न सक्ने प्रभावहरूलाई मध्य नजर गरी गाउँपालिका त वडाले त्यसबाट अनुकूलन हुनको लागि अपनाउनुपर्ने विभिन्न उपायहरूको पहिचान र प्राथमिकीक गरी योजनामा राख्नुपर्ने कार्यक्रमहरूको छनौट गरिएको छ । पहिचान भएका जोखिम तथा प्रकोपहरू कारणले प्रभावित क्षेत्र तथा पार्न सक्ने प्रभावहरूलाई मध्यनजर गरी गाउँपालिकाले त्यसबाट उत्थानशी हुनको लागि अपनाउनुपर्ने विभिन्न उपायहरूको पहिचान र प्राथमिकीकरण गरी योजनामा राख्नु कार्यक्रमहरूको छनौट निम्नअनुसार गरिएको छ ।

| क्र स. | प्रमुख समस्या | व्यवस्थापनका क्रियाकलापहरू | मुख्य जिम्मेवारी | स्रोत व्यवस्थापन | | | समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | अनुमानित बजेट( रु) | आन्तरिक (रु) | बाह्य ( रु) | |
| १ | भूकम्प | भूकम्प सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र सोका लागि पर्चा पम्पलेट वितरण र सडक नाटकजस्ता क्रियाकलाप गर्ने, भूकम्प प्रतिरोधात्मक भवन निर्माण तथा भवन प्रवलीकरण वारेमा टोल टोलमा जानकारी गराउन, खुल्ला ठाउँको पहिचान गर्नुपर्ने , भवन निर्माणमा अनुगमन तथा नियमन गर्ने | गाउपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | १० लाख | गाउँपालिका (२ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, विपद् व्यवस्थापानमा सकिया सरोकारवाला अन्य निकाय ८ लाख | २०८० /२०८१ |
| २ | बाढी | विद्यार्थीहको सहभागितामा अन्तरकिया कार्यक्रम सञ्चालन गर्ने, बाढीको उच्च जोखिम क्षेत्रको वडा कार्यालय र टोल विकास समिति र समुदायमा जनचेतनामूलक कार्यदल संस्थागत गर्ने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | ५ लाख | गाउँपालिका (१ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, विपद् व्यवस्थापानमा सक्रिया सरोकारवाला अन्य निकाय ४ लाख | २०८० /२०८१ मा र त्यसपछि पनि निरन्तर |
| | | बाढी जोखिम न्यूनीकरण गर्न यस पालिकामा बाढीले क्षति पुऱ्याउने खोलाको पहिचान गरि DPR तयार गरि दीर्घकालीन योजना बनाई नियन्त्रण गर्ने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | ६० लाख | गाउँपालिका (३० लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, विपद् व्यवस्थापानमा सक्रिया सरोकारवाला अन्य निकाय ३० लाख | २०८१ /२०८२ |
| | बाढी | बाढी जोखिम न्यूनीकरण गर्न पम्लेट तयार गरि | गाउँपालिका र वडास्तरीय | ६ लाख | गाउँपालिका (५ लाख) | विकास साझेदार सरकारी तथा | ०७९/०८० मा र त्यापछि र |



मान बहादुर कार्की मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चेतना वृद्धिको अभियान संचालन गर्ने | विपद् व्यवस्थापन समिति | | | गैरसरकारी निकायहरू, विपद् व्यवस्थापानमा सक्रिय सरोकारवाला अन्य निकाय (१ लाख) | पनि निरन्तर |
| | | सडक नाटक तथा लोकगीत प्रतियोगिता मार्फत बाढी सम्बन्धी जनचेतना फैलाउने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | १ लाख | गाउँपालिका ( लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, विपद् व्यवस्थापानमा सक्रिया सरोकारवाला अन्य निकाय | २०८१/८२ मा त्यसपनि निरन्तर |
| ३ | पहिरो | वृक्षारोपण, जैविक तटबन्ध , सडक निर्माण गर्दा खेरि बास अमिस्रो लगायतका विरुवा पनि लगाउने भन्ने बारेमा समुदायलाई जानकारी गराउने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | ७० हजार | गाउँपालिका | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, सववन डिभिजन कार्यालय, सामुदायिक वन समितिहरू, विपद् व्यवस्थापानमा सक्रिया सरोकारवाला अन्य निकाय (७० हजार) | २०८०/८१ मा त्यसपनि निरन्तर |
| | | वायो इन्जिनियरिङ क्षेत्रको पहिचान गरी तार जाली व्यवस्थापन गर्ने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | १ करोड | गाउँपालिका (१० लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, सववन डिभिजन कार्यालय, सामुदायिक वन समितिहरू, विपद् व्यवस्थापानमा सक्रिय सरोकारवाला अन्य निकाय | निरन्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | (९०लाख)। प्रदेश सरकार | |
| | पहिरो | आवश्यकताअनुसार वस्ती स्थानानन्तरणको व्यवस्थापन गर्ने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | १ करोड | गाउँपालिका २० लाख | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, सबवन डिभिजन कार्यालय, सामुदायिक वन समितिहरू, विपद् व्यवस्थापनमा सक्रिया सरोकारवाला अन्य निकाय (८०लाख) | निरन्तर |
| | पहिरो | अति जोखिम क्षेत्रको पहिचान गरी तारजालीको व्यवस्थापन गर्ने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | १ करोड | गाउँपालिका (१० लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, सबवन डिभिजन कार्यालय, सामुदायिक वन समितिहरू, विपद् व्यवस्थापनमा सक्रिया सरोकारवाला अन्य निकाय (९० लाख)। प्रदेश सरकार | निरन्तर |
| ४ | आगलागी /डढेलो | सुख्खा मौसम, हावाहुरी आउने वेलामा जङ्गलमा आगो नलगाउन तथा जथाभावी आगो नसल्काउन समुदायलाई सचेत गर्ने, विद्यालयमा आगलागीसम्वन्धी जनचेतनामूलक कार्यक्रम गर्ने | गाउँपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | २ लाख | गाउँपालिका (१लाख) | प्रदेश सरकार, केन्द्र सरकार, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमा सक्रिया सरोकारवाला अन्य निकाय (१ लाख) | २०८०/२०८१ र निरन्तर |



मान बहादुर ... मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

... राई
... प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आगलागी | आगलागी नियन्त्रणको लागि सामुदायिक वनलाई परिचालन तथा अभिमुखीकरण गर्ने आफनो वन क्षेत्रमा आगलागीको नियन्त्रण गर्न सुझाव दिने र अनुगमन गर्ने | गाउँपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ३ लाख | गाउँपालिका (२ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, विपद् व्यवस्थापानमा सक्रिया सरोकारवाला अन्य निकाय (१ लाख) | २०८०/०८१ निरन्तर |
| | आगलागी | पोखरी निर्माण गर्ने , अग्निरेखा झाडी सरसफाइको काम गर्ने | गाउँपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ५ लाख | गाउँपालिका (२ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, विपद् व्यवस्थापानमा सक्रिया सरोकारवाला अन्य निकाय (३ लाख) | २०८०/०८१ निरन्तर |
| | आगलागी | आफ्नो घरगोठको छाना राम्रो सँग बाँध्ने र बाँध्न लगाउने ,घर बनाउँदा ठूलठूला रुखको वरिपरि नबनाउने र हावाहुरी आउँदा रुख।बिरुवाको फेदमा नबस्न समुदायलाई सचेत गर्ने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | ४ लाख | गाउँपालिका (१ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरू, सबवन डिभिजन कार्यालय, सामुदायिक वन समितिहरू, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (३ लाख) | २०७९/०८० |
| ५ | सडक दुर्घटना | विद्यालय सचेतना कार्यक्रम ट्राफिक,प्रहरी, विद्यालय वडा र यातायातसँग समन्वय गरी ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गर्ने जेब्रा क्रसिङ ट्राफिक | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | (२ लाख) | गाउँपालिका (२ लाख) | जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला र अन्य निकाय ,ट्राफिक प्रहरी विद्यालय , | २०८०/०८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | चिन्हसहितको होर्डिङ बोर्ड राख्ने | | | | यातायात व्यवसायी सङ्घ | |
| | सडक दुर्घटना | मापसे चेक गर्ने। सवारी चालक र बस्ती समुदाय स्थानमा जनचेतनामूलक कार्यक्रम गर्ने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | १ लाख | गाउँपालिका (१ लाख) | जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला र अन्य निकाय ,ट्राफिक प्रहरी विद्यालय , यातायात व्यवसायी सङ्घ (१ लाख) | २०८०/२०८१ र निरन्तर |
| ७ | जङ्गली जनावरको आतङ्क | जङ्गली जनावरको आतङ्कवाट सुरक्षित राख्न अवलम्वन गर्नु पर्ने उपायहरूवारे चोक बजारमा चेतना जगाउने होर्डिङ बोर्ड राख्ने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | १ लाख | गाउँपालिका (१ लाख) | जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला र अन्य निकाय, सामुदायिक वन समिति, वन सबडिभिजन कार्यालय | २०८०/२०८१ |
| | जङ्गली जनावरको आतङ्क | वन्यजन्तु आतङ्क क्षेत्रमा तारवारको व्यवस्थापन गर्ने | गाउँपालिका र वडास्तरीय विपद् व्यवस्थापन समिति | १ लाख | गाउँपालिका (१ लाख) | प्रदेश सरकार, केन्द्र सरकार, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला र अन्य निकाय, सामुदायिक वन समिति, वन सव डिभिजन कार्यालय | २०८१/२०८२, |

### ४.१.३ जोखिम न्यूनीकरण :

यस उदयपुरगढी गाउँपालिकाअन्तर्गत रहेका विभिन्न प्रमुख प्रकोपहरू जस्तैः भूकम्प, बाढी, पहिरो, आगलागी, /डढेलो, सडक दुर्घटना, चट्याङ, सर्पदंश, जङ्गली जनावरको आतङ्क, कृषिबालीमा लाग्ने रोग प्रकोप आदिले पुऱ्याएको क्षति



राई
प्रमुख प्रशासकीय अधिकृत

लाल बहादुर ... अध्यक्ष
उदयपुरगढी गाउँपालिका

CamScanner

तथा जोखिमको न्यूनीकरण गरी जलवायु उत्थानशील समुदाय निर्माण गर्न निम्न बमोजिमका जोखिमहरू पहिचान व्यवस्थापनका क्रियाकलापहरू यस योजनाअन्तर्गत समोवश गरिएका हुन्छन् ।

| क्र स | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलापहरू | मुख्य जिम्मेवारी | स्रोतको उपलब्धता | | | समयावधि |
|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा बजेट | आन्तरिक | बाह्य ( सहयोगी | समयावधि |
| १ | भूकम्प | सार्वजनिक भौतिक संरचनाहरुको भूकम्प प्रतिरोधी, क्षमताको लेखाजोखा तथा विश्लेषण गरी , आवश्यकता अनुसार सबलीकरण गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | १ करोड | भवन डिभिजन कार्यालय, निर्माण व्यवसायी सङ्घ उद्योग वाणीज्य सङ्घ र अन्य पेसागत सङ्घ सङ्गठनहरू (३० लाख) | प्रदेश र सङ्घीय सरकार, विकास साझेदार ,सरकारी तथा गैरसरकारी निकायहरू (७० लाख) प्रदेश सरकार | २०८४ भित्र |
| २ | बाढी | वतावरणीय प्रभाव मूल्याङ्कन गरी खोला तथा नदीहरूको व्यवस्थापन गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, उदयपुरगढी गाउँपालिका | .१ करोड | गा.पा. | प्रदेश र सङ्घीय सरकार, विकास साझेदार, सरकारी तथा गैरसरकारी निकायहरू | २०८२ भित्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खोला तथा नदीका किनारहरूमा हरियाली प्रवर्धन गर्नका लागि सामुदायिक वनसँग सहयकार्य गरी वृक्षारोपण गर्न | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, उदयपुरगढी गाउँपालिका | १० लाख | गा.पा. | प्रदेश र संघीय सरका,, विकास साझेदार, सरकारी तथा गैरसरकारी निकायहरू सामुदयिक वन , भूसंरक्षण , | २०८१ भित्र |
| ३ | पहिरो | पहिरोग्रस्त क्षेत्रहरूको पहिचान गरी विज्ञहरूको परामर्श लिई बायोइन्जिनियरिङ, वृक्षारोपण, गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, उदयपुरगढी गाउँपालिका | ५० लाख | गा.पा. | प्रदेश र सङ्घीय सरकार,, विकास साझेदार, सरकारी तथा गैरसरकारी निकायहरू, सामुदयिक वन , भूसंरक्षण , | २०८२ भित्र |



रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | आगलागी/ | मौसमी सूचना सम्प्रेषण, पूर्वतयारीका लागि सीप तथा सामग्रीको व्यवस्था, पानी सङ्कलन ट्याङ्की निर्माण, दमकल सेवाको थप व्यवस्था, आगो नियन्त्रण टोली गठन, दक्षता वृद्धि तथा परिचालन गर्ने | स्थानीय विपद तथा जलवायु उत्थानशील समिति, बेलका गाउँपालिका वडा विपद् व्यवस्थापन समिति | ८५ लाख | जिल्लास्थित सुरक्षा निकाय, उदयपुरगढी गाउँपालिका | प्रदेश र सङ्घीय सरकार, विकास साझेदार, सरकारी तथा गैरसरकारी निकायहरू | २ वर्ष |
| ५ | आगलागी/ | सामुदयिक वनहरूसँग सहकार्य गरी अग्निरेखा निर्माण गर्ने र खाली स्थानमा वृक्षारोपण गर्ने | स्थानीय विपद तथा जलवायु उत्थानशील समिति, बेलका गाउँपालिका, , वडा विपद् व्यवस्थापन समिति | ८५ लाख | जिल्लास्थित सुरक्षा निकाय, उदयपुरगढी गाउँपालिका | प्रदेश र सङ्घीय सरकार, विकास साझेदार, सरकारी तथा गैरसरकारी निकायहरू | २ वर्ष |
| ६ | डढेलो | नजिकको पालिकासँग हसकार्य गरी दमकलको व्यवस्थापन गर्ने | स्थानीय विपद तथा जलवायु उत्थानशील समिति, बेलका गाउँपालिका, , वडा विपद् व्यवस्थापन समिति | ८५ लाख | जिल्लास्थित सुरक्षा निकाय, उदयपुरगढी गाउँपालिका | प्रदेश र सङ्घीय सरकार, विकास साझेदार, सरकारी तथा गैरसरकारी निकायहरू, स्थानीय तहअन्तर्गत | २ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | सर्पदंश | घरायसी तथा सामुदायिक सरसफाइ अभियान, उपचार सेवामा स्तरोन्नति, पानी निकासको व्यवस्थापन , स्थानीयस्तरमा प्राथमिक उपचारको दक्ष जनशक्ति तथा आकस्मिक सामग्रीको व्यवस्थापन | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | .१ लाख | गा.पा. | प्रदेश र सङ्घीय सरकार, विकास साझेदार तथा गैरसरकारी निकायहरू | २ वर्ष |
| ८ | जङ्गली जनावरको आतङ्क | वन क्षेत्रमा घेरावार लगाउने, वन फडानी, तथा चोरी निकासीमा बन्देज, जङ्गली जनावरको आहारजन्य वृक्षारोपण , | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, बेलका न पा , वडा विपद् व्यवस्थापन समिति | १२ लाख | कृषिशाखा | प्रदेश र सङ्घ सरकार, विकास साझेदरा सरकारी तथा गैरसरकारी निकायहरू | २ वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | समुदाय तथा बजारक्षेत्र प्रवेश गरेको , जनावरहरूलाई जङ्गलतर्फ धपाउने समूह निर्माण र परिचालन | | | | | |

### ४.१.४ आपत्कालीन पूर्वतयारी :

| प्रा. क्र. | विपद्का सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलापहरू | अनुमानित बजेट | मुखय जिम्मेवारी | स्रोतको अवस्था | |
|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य सहयोगी |
| १ | प्रभावितहरूका लागि तत्कालीन आधारभूत आवश्यकता परिपूर्तिको समस्या | वेलका न पा र वडा स्तरमा आपत्कालीन कोषको स्थापना , परिचालन नीतिको तर्जुमा र आवश्यकताअनुसार कोषको परिचालन तथा व्यवस्थापन | १० लाख | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, वडा विपद् व्यवस्थापन | वेलका नपा, , जिल्ला विपद् व्यवस्थापन समिति | सङ्घीय तथा, प्रदेश सरकार मानवीय सहयोग क्षेत्रमा कार्यरत निकायहरू |
| २ | विपद्मा प्रतिकार्यका लागि दक्ष जनशक्तिको अभाव | सुरक्षा निकायका प्रतिकार्यकर्ताबाहेक समुदाय स्तरमा पनि निम्नअनुसार दक्ष जनशक्ति तयार गर्ने, पालिकाको सबै वडामा प्रति वडा ९ जनाको दरले समुदायिक खोज उद्धारकर्ता , प्राथमिक उपचारककर्ता , क्षतिको आवश्यकता लेखाजोखा समूहहरू तयारी | १ लाख | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, वडा विपद् व्यवस्थापन | वेलका नपा, , जिल्ला विपद् व्यवस्थापन समिति | सङ्घीय तथा, प्रदेश सरकार मानवीय सहयोग क्षेत्रमा कार्यरत निकायहरू |
| ३ | विपद् प्रतिकार्य सामग्री व्यवस्थापन तथा राहत भन्डारन नहुनु | पालिकाभित्र सबै वडाको पहुँच हुने गरी २ वटा राहत गोदाम व्यवस्थापन गर्ने | ५ लाख | स्थानीय विपद् व्यवस्थापन तथा जलवायु व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी र | सङ्घीय तथा, प्रदेश सरकार मानवीय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सहयोग क्षेत्रमा कार्यरत निकायहरू | |
| ४ | राहतको आवश्यकता | राहत व्यवस्थापनलाई प्रभावकारी बनाउन कम्तीमा ५० परिवारको लागि खाद्य तथा गैरखाद्य सामग्रीको भन्डारन गर्ने | २ लाख | स्थानीय विपद् व्यवस्थापन तथा जलवायु व्यवस्थापन समिति | नेपाल रेडक्रस सोसाइटी र गाउँपालिका | सङ्घीय तथा, प्रदेश सरकार , मानवीय सहयोग क्षेत्रमा कार्यरत निकायहरू | १ वर्ष भित्र |
| ५ | आवासको क्षति | आपत्कालीन आवासको सामग्रीको व्यवस्थापन गर्ने | १५ लाख | स्थानीय विपद् व्यवस्थापन तथा जलवायु व्यवस्थापन समिति | सहारा नेपाल र गाउँपालिका | सङ्घीय तथा, प्रदेश सरकार , मानवीय सहयोग क्षेत्रमा कार्यरत निकायहरू | १ वर्ष भित्र |
| ६ | समन्वयमा समस्या | जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवला निकायहरूसँग समन्वय संयन्त्र निर्माण गर्ने | | स्थानीय विपद् व्यवस्थापन तथा जलवायु व्यवस्थापन समिति | सहारा नेपाल, गाउँपालिका | सङ्घीय तथा, प्रदेश सरकार , मानवीय सहयोग क्षेत्रमा कार्यरत निकायहरू | १ वर्ष भित्र |
| ७ | आपत्कालीन आश्रय स्थलको समस्या | पालिकामा भएको सामुदायिक भवन, विद्यालयहरूको क्षमता विश्लेषण गरी आपत्कालीन आश्रय स्थलको रूपमा विकास गर्ने । | ५० लाख | स्थानीय विपद् व्यवस्थापन तथा जलवायु व्यवस्थापन समिति | सहारा नेपाल, गाउँपालिका | सङ्घीय तथा, प्रदेश सरकार , मानवीय सहयोग क्षेत्रमा कार्यरत निकायहरू | २ वर्ष भित्र |

## ४.२ विपद्का समयमा प्रतिकार्यका क्रियाकलापहरू :

उदयपुरगढी गाउँपालिकाभित्र कुनै पनि समयमा विपद् परेमा प्रभावितहरूको उद्धार स्वास्थ्य सुरक्षा, जीवन रक्षा र सम्पत्ति संरक्षकका लागि आपत्कालीन समयमा गर्नुपर्ने क्रियाकलापहरू तलको ढाँचामा राखी उल्लेख गरिएको छ । यस योजनामा विशेषगरी पूर्वसूचना हराएकाहरूको खोजी, प्रभावितहरूको उद्धार, सुरक्षा निकायमा खबर, आपत्कालीन बसोबास र राहत व्यवस्थापनका लागि गर्नुपर्ने क्रियाकलापहरूमा जोड दिइएको छ । यस प्रक्रियामा नेपाल सरकारको विपद् प्रतिकार्य ढाँचाअनुसार सञ्चालन गरिनेछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | श्रोतको अवस्था | समय अवधि |

| प्रा. क्र. | विपद्का् सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलापहरू | अनुमानित बजेट | मुखय जिम्मेवारी | आन्तरिक | वाह्य (सहयोगी) | |
|---|---|---|---|---|---|---|---|
| १ | घाइते मृत्यु सम्पर्क विच्छेद, भौतिक तथा आर्थिक क्षति, त्रासको अवस्था | आफु समुदाय सुरक्षित भए नभएको यकिन गर्ने सुरक्षा निकाय, र स्थानीय विपद् व्यवस्थापन समितिमा खबर गर्ने | रु ४ लाख | समुदाय तथा वडा विपद् व्यवस्थापन समिति | गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समिति रु२ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरु रु २ लाख | ० देखि १ भित्र |
| २ | घाइते मृत्यु सम्पर्क विच्छेद, भौतिक तथा आर्थिक क्षति, त्रासको अवस्था | IRA (Initial Rapid Assessment) गर्ने, सूचना प्रवाह गर्ने , आवश्यकता अनुसार खोज तथा उद्धार र प्राथमिक उपचार गर्ने । | रु ३ लाख | सामुदायिक प्राथमिक उपचार र वडा विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस वडा र नेपाल प्रहरी | गाउँपालिका स्तारीय विपद् व्यवस्थापन समिति रु २ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू रु १ लाख | ० देखि ७ घ |
| ३ | घरवारविहिन तथा सम्पर्क विच्छेद | अस्थायी आवास व्यवस्थापन गर्ने , प्रभावितहरूलाई सुरक्षित स्थानमा सार्ने | रु ८ लाख | स्थानीय विपद् तथा जलवायु व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस सुरक्षा निकाय रु ५ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरु रु ३ लाख | ० देखि २४ घ |
| ४ | तत्काल तयारी खानाको व्यवस्था | तयारी खानाको वितरण, | रु ३ लाख | स्थानीय विपद् तथा जलवायु व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस सुरक्षा निकाय रु ३ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू | ० देखि २४ घ |
| ५ | भौतिक तथा आर्थिक क्षतिको अवस्था | क्षतिको थप विवरण सङ्कलन गरी राहत वितरण कार्यलाई व्यवस्थित गर्ने | रु १ लाख | स्थानीय विपद् तथा जलवायु व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस सुरक्षा निकाय रु १ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू | २४ देखि घण्टा |
| ६ | क्षतिको यकिन विवरण थाहा नहुनु | क्षतिको यथार्थ विवरण संकलन गर्ने , प्रभावितहरूको | रु १ लाख | स्थानीय विपद् तथा जलवायु | जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस | मानवीय क्षेत्रमा कार्यरत | ४८ देखि घण्टा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दर्ता कार्य तथा लाभान्वित कार्ड वितरण गर्ने | | व्यवस्थापन समिति | सुरक्षा निकाय रु १ लाख | सङ्घसंस्था हरु | |
| ७ | भौतिक संरचनाको क्षतिको अवस्था | भौतिक पूर्वाधारको लागत सङ्कलन गर्ने | रु १ लाख | स्थानीय विपद् तथा जलवायु व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस सुरक्षा निकाय रु १ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू | ४८ देखि ७२ घण्टा |
| ८ | आधारभूत आवश्यकता परिपूर्तिमा समस्या | प्रभावितको अवस्था हेरी अस्थायी आवासमा स्थान्तरण र राहत वितरण कार्य ( अस्थायी आवास सामग्री, नगद वितरण, खानेपानी व्यवस्थापन, सरसफाइ तथा स्वच्छताको व्यवस्था , स्वास्थ्य सेवाको व्यवस्था ,संरक्षण, सामग्रीको व्यवस्थापन | रु १६ लाख | स्थानीय विपद् तथा जलवायु व्यवस्थापन समिति | गाउँपालिका रु १२ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू रु ४ लाख | ४८ देखि ७२ घण्टा, आवश्कताको अनुसार ३ महिनासम्म |

### ४.३ विपद्पश्चात्का पुर्नलाभ अन्तर्गत पुनःस्थापना र पुनःनिर्माणका कृयाकलपाहरू:

योजनाको यस भागमा विपद् भइसकेपछि त्यसबाट परेको प्रभाव र भएको क्षति विश्लेषण गरी जनजीवनलाई सामानय बनाउन पूर्ण विस्थापित परिवारको पुनःस्थापना गर्न, क्षतिग्रस्त संरचनाहरूको मर्मत सम्भार पुर्ननिर्माण गर्न र भविष्यमा पर्न सक्ने त्यस्तै विपद्को सामना गर्न आवश्यक कृयाकलापहरूलाई समेटेर तपसिल बमोजिमको ढाँचामा कृयाकलापहरू उल्लेख गरिएका छन् ।

| प्रा.क. | विपद्का सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलापहरू | अनुमानित बजेट | मुख्य जिम्मेवारी | स्रोतको अवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | वाह्य (सहयोगी) | |
| १ | भौतिक पूर्वाधारमा क्षति | विपद् प्रभावितहरूको सहभागितामा कामका लागि नगद कार्यक्रममार्फत विपद्ले बिगारेका ग्रामीण सडक , सिंचाइ कुलो ,कल्भर्ट, | रु ४० लाख | उदयपुरगढी गाउँपालिका | विपद् व्यवस्थापन समिति रु ५ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू ३५लाख | १ वर्षभित्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विद्युत,पोल , आवासीय घर ,विद्यालय तथा सार्वजनिक भौतिक संरचना मर्मत गर्ने | | | | | |
| २ | घरहरू निर्माण मा समस्या | विपद्को समयमा पूर्ण क्षति भएको र आफैं घर निर्माण गर्न नसक्नेको लागि घरमा निर्माण सहयोग गर्ने | रु १५ लाख | उदयपुरगढी गाउँपालिका | विपद् व्यवस्थापन समिति रु १० लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू ५ लाख | १ वर्षभि |
| ३ | स्वास्थ्य समस्या | विपद् प्रभावितहरूको स्वास्थ्य परीक्षणको लागि समय समयमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने | रु २ लाख | उदयपुरगढी गाउँपालिका, स्वास्थ्य शाखा | विपद् व्यवस्थापन समिति रु २ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू | आवश्य ता अनुसा |
| ४ | जीविकोपार्जनमा समस्या | विपद् प्रभावित क्षेत्रमा भएको समुदायको जीविकोपार्जनको लागि सीप विकास कार्यहरू , बजार व्यवस्थापन, कामका लागि नगद, फलफूल खेती,केरा खेती , तरकारी खेती ,पशुपालन तथा अन्य व्यवसाय जस्ता योजनाहरू सञ्चालन गर्ने | रु ७ लाख | उदयपुरगढी गाउँपालिका कृषि शाखा | विपद् व्यवस्थापन समिति रु ५ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू रु २ लाख | आवश्य ता अनुसार वर्षभित्र |
| ५ | सङ्कटासन्न अवस्थामा वृद्धि | विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरू सञ्चालन गर्ने | रु ४ लाख | उदयपुरगढी गाउँपालिका, सामाजिक विकास शाखा | विपद् व्यवस्थापन समिति रु २ लाख | मानवीय क्षेत्रमा कार्यरत सङ्घसंस्था हरू २ | २ वर्षभित्र |

## खण्ड ५ : योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकता

### ५.१ योजनाको कार्यान्वयन

विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यान्वयनको नेतृत्वमा वडा र गाउँपालिकामा रहनेछ। यस योजनाको सफल कार्यान्वयन र समन्वयात्मक भूमिकाका लागि वडामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन समन्वय समिति क्रियाशील रहनेछ। समन्वय समितिको कायविधि तयार गरी गाउँपालिका तथा वडा परिषद्ले कार्यन्वयनका नीतिगत निर्णय गरी कार्यान्वयन गरिनेछ। विपद् तथा जलवायु उत्थानशील योजनामा कार्यहरूलाई समुदायमा स्थापित भई क्रियाशील रहेका विद्यमान समूह, संस्था, क्लब तथा उपभोक्ता समितिहरूमार्फत कार्यान्वयन गरिनेछ। यो विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनका लागि स्थानीय सहजकर्ताहरूको परिचालन गरिनेछ। यी सहजकर्ताहरूले सामाजिक परिचालनका कार्यहरू र कार्यन्वयनका लागि आवश्यक सहजीकरणका कार्यहरू गर्नेछन्। यस्ता सहजकर्ता परिचालन गर्ने संस्थाहरूको क्षमता विकास सहित आवश्यक नियमित र थप सहयोग जलवायु परिवर्तन सम्बन्धित विशिष्ट अनुभव भएका राष्ट्रिय संस्थाहरूबाट हुनेछ। विपद् तथा जलवायु उत्थानशील योजनाका कार्यक्रम कार्यन्वयन हुनुपुर्व कार्यान्वयनका लागि आवश्यक विस्तृत बजेट तयारी उपभोक्ता समिति, समूह र क्लबहरूसँग सहमति एवं सम्झौता गरी कार्यन्वयन हुनेछ। उक्त कार्यन्वयन गर्ने समितिहरूले कार्यक्रम कार्यान्वयन पूर्व सम्बन्धित लाभान्वित वर्ग समक्ष विस्तृत योजना तथा बजेट विवरण प्रस्तुत गरिने छ। कार्यक्रम सञ्चालनको क्रममा आय(व्ययको विवरण तथा सम्बन्धित अभिलेखहरू पारदर्शी रूपमा राखिनेछ।

### ५.२ योजनाको प्रगति र मूल्याङ्कन :

उदयपुरगढी गाउँपालिकाअर्न्तगत विपद् तथा जलवायु उत्थानशील योजनामा समेटिएका सबै घरधुरी तथा सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता तथा जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन समन्वय समितिको अगुवाइमा अनुकुलन कार्ययोजना कार्यान्वयनको अनुगमन अर्धवार्षिक रूपमा गरिने छ। अनुगमनको लागि समितिका पदाधिकारीहरूलाई अनुगमनसम्बन्धी अभिमुखीकरणमा सहभागी भएर मात्र अनुगमन कार्यमा संलग्न हुनेछन् जसबाट गरिएका प्रभावकारिताको लेखाजोखा गर्न सहज हुनेछ। त्यसैगरी वार्षिक रूपमा मूल्याङ्कन गरिनेछ भने ५ वर्षपछि अन्तिम मूल्याङ्कन गरी पुनःआगामी दिनको मूल्याङ्कन योजना तयार गरिनेछ। यसरी नै स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्ययोजनालाई सघाउन अनुगमन तथा मूल्याङ्कनले सिकाइ, चिन्तन-मनन र पृष्ठपोषणका लागि अवसर प्रदान गर्नेछ।

## अनुसूचीहरू :

## अनुसूची १ नगर विपद् व्यवस्थापन समिति :

| क्र. सं. | नाम, थर | पद | संस्था | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | अध्यक्ष | अध्यक्ष उदयपुरगढी गाँउपालिका | ९८४४८६७९७९ |
| २ | जित बहादुर खड्का | सदस्य | उपाध्यक्ष उदयपुरगढी गाँउपालिका | ९८४२८४५४३५ |
| ३ | रमेश राई | सदस्य | प्रमुख प्रशासकीय अधिकृत उदयपुरगढी गाँउपालिका | ९८५२८३५२७८ |
| ४ | इन्द्र बहादुर राउत | सदस्य | संयोजक उदयपुरगढी गाँउपालिका सामाजिक विकास समिति | ९७४३०८१८११ |
| ५ | मनोज कुमार कार्की | सदस्य | संयोजक उदयपुरगढी गाँउपालिका आर्थिक विकास समिति | ९८६२८४२६१७ |
| ६ | भुवन केप्छाकी मगर | सदस्य | उदयपुरगढी गाँउपालिका पूर्वाधार विकास समिति | ९८६२८६३४९५ |
| ७ | कृष्ण बहादुर खत्री | सदस्य | संयोजक उदयपुरगढी गाँउपालिका सुशासन तथा संस्थागत विकास समिति | ९८४२९९८००७ |
| ८ | धिर बहादुर राउत | सदस्य | संयोजक उदयपुरगढी गाँउपालिका वन वतावरण तथा विपद् व्यवस्थापन समिति | ९८६३७३३५८८ |
| ९ | चक्रपाणी भट्टराई | सदस्य | सामाजिक विकास शाखा | ९८४७२५७९९१ |
| १० | सन्तोष राय थारु | सदस्य | पूर्वाधार विकास शाखा | ९८४५२३०८२७ |
| ११ | राजेश खडका | सदस्य | प्रमुख प्रहरी चौकी | |
| १२ | पुष्पराज गुरागाई | सदस्य | नेपाल रेडक्रस सोसाईटी उपशाखा | ९८४२९६९५१९ |
| १३ | यम्वर व.खत्री | सदस्य | उद्योग वाणिज्य सङ्घ | ९८४२९९८०० |
| १४ | प्रतिनिधि | सदस्य | गै.स.स. महासंघ | |
| १५ | प्रतिनिधि | सदस्य | नेपाल पत्रकार महासंघ | |
| १६ | प्रतिनिधि | सदस्य | राष्ट्रिय मान्यता प्राप्त दलका गाँउपालिका स्थित प्रमुख वा प्रतिनिधि | |
| १७ | प्रतिनिधि | सदस्य | जिल्ला प्रशासन कार्यालय, उदयपुर | |

| | | | | |
|---|---|---|---|---|
| १८ | कल्पना कुमारी मगर | सदस्य सचिव | उदयपुरगढी गाँउपालिका विपद् फोकल पर्सन | ९८४२८८७७१४ |

## अनुसूची २ योजना तर्जुमा तथा समन्वय समिति

१) उदयपुरगढी गाँउपालिका उपाध्यक्ष: श्री जित बहादुर खड्का
२)प्रमुख प्रशासकीय अधिकृत : श्री रमेश राई
३) विपद् व्यवस्थापन शाखा प्रमुख :श्री कल्पना कुमारी मगर

## अनुसुची ३ : स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य र अधिकार

- स्थानीय तहको विपद् तथा जलवायु उत्थानशील योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन र पुनरावलोकन गर्ने,
- योजना तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको विपद् उत्थानशील समुदायहरुको न्यूनतम आधारहरूलाई ध्यान दिनु पर्ने,
- समुदायमा विपद् तथा जलवायू उत्थानशील समितिको गठन गर्ने,
- यसरी गठन गर्दा साविकमा रहेका समुदाय स्तरका सामुदायिक विपद् व्यवस्थापन समितिलाई आवश्यकता अनुसार पुर्नगठन गर्ने,
- स्थानीय तहमा गठन हुने विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुऱ्याउने,
- स्थानीय तहका कर्मचारी, समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील समिति सदस्य, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद् तथा जलवायु उत्थानशीलतासम्बन्धी प्रशिक्षण लिने वा दिने व्यवस्था मिलाउने,
- स्थानीय तहमा विपद् तथा जलवायु उत्थानशील कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने
- स्थानीय तहमा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापन तथा जलवायु अनुकूलनलाई मूलप्रवाहीकरण गर्ने,
- स्थानीय तहमा विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजनका लागि पहल गर्ने,
- स्थानीय तहबाट जारी भएका नीति, निर्देशन तथा मापदण्डहरू कार्यान्वयन गर्ने गराउने,
- स्थानीय तहमा सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरू योजनामा समावेश गर्ने,
- स्थानीय तहमा विपद् तथा जलवायु उत्थानशील योजना, आपत्कालीन कार्ययोजना, पुन:स्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सबै सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित गर्ने । आवश्यकता अनुरूप सङ्कटासन्न समुदायहरूमा विपद् तथा जलवायु उत्थानशील समिति, पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यदलहरू गठन गरी क्षमता अभिवृद्धि गर्ने,
- स्थनीय तहमा विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत तथा प्रतिकार्यको व्यवस्था मिलाउने,
- स्थानीय तह तथा वडाको विपद् तथा जलवायु उत्थानशीलतासम्बन्धी आवश्यक निर्देशिका तथा कार्यविधी तयार गर्ने,

- स्थानीय तह वडाको प्रकोप तथा जलवायुजन्य जोखिम नक्साङ्कन गर्ने ।
-

## अनुसूची- ४ कार्यदलहरूको स्वरूप र काम कर्तव्य तथा अधिकार

### अनुसूची- ४.१ कार्यदलको स्वरूप

स्थानीय विपद् जोखिम व्यवस्थापनको प्रभावकारी कार्यान्वयनको लागि निम्नअनुसार कार्यदल गठन ग[र्नु] पर्नेछ तापनि स्थानीय आवश्यकतालाई दृष्टिगत गरी कार्यदलको सङ्ख्या थपघट गर्न सकिनेछ :

| क्र.सं. | कार्यदलको नाम | ध्यान दिनु पर्ने कुरा | पदावधि |
|---|---|---|---|
| १ | सूचना तथा पूर्वचेतावनी कार्यदल | कार्यदलका सदस्य चयन गर्दा उपलब्ध भएसम्म सम्बन्धित विषयमा ज्ञान भएका महिला, दलित, जनजाति, अपाङ्गता भएका तथा विपद्को उच्च जोखिममा रहेका समुदायका प्रतिनिधलाई प्राथमिकता दिनु पर्नेछ । | पदेन सदस्यबाहेक अन्य सदस्यको कार्यकाल दुई वर्षको हुनेछ |
| २ | खोज तथा उद्धार कार्यदल | | |
| ३ | राहत व्यवस्थापन तथा पुनःस्थापन कार्यदल | | |
| ४ | प्राथमिक उपचार कार्यदल | | |
| ५ | क्षति तथा आवश्यकता विश्लेषण कार्यदल | | |

### अनुसूची- ४.२ पूर्वतयारी तथा प्रतिकार्यको लागि कार्यदलको काम, कर्तव्य तथा अधिकार

**१.सूचना तथा पूर्वचेतावनी कार्यदल**

| प्रकोप पूर्व | प्रकोपको समय | प्रकोप पश्चात् |
|---|---|---|
| • पूर्वसूचना तथा चेतावनी प्रणालीबारे सञ्चार माध्यम र अन्य स्रोतबाट प्राप्त सूचना प्राप्त गर्ने<br>• पूर्वचेतावनी प्रणालीको स्थापनाका लागि जिविस, गाविस, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयसँग समन्वय गर्ने<br>• उपलब्ध पूर्वचेतावनी प्रणालीको सुरक्षा र संरक्षण गर्ने<br>• विपद्सम्बन्धी काम गर्ने वा अन्य सरोकारवाला निकायमा विपद्बारे सही जानकारी दिने<br>• समुदायसँग नियमित छलफल गर्ने र स्थानीय विपद् व्यवस्थापन समितिमा प्रतिवेदन नियमित रूपमा दिने<br>• सञ्चारमाध्यम, पत्रकार महासङ्घ, स्थानीय पत्रकारसँग समन्वय गरी सूचना लिने र दिने काम गर्ने | • विपद्को सूचना सबैभन्दा पहिले खोज तथा उद्धार कार्यदललाई दिने<br>• यस्तो सूचना स्थानीय प्रहरी, जिल्ला प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी, गाविस, जिविस र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई उपलब्ध गराएर सहयोग माग गर्ने<br>• विपद्सम्बन्धी सम्पूर्ण जानकारी जानकारी स्थानीय विपद् व्यवस्थापन समितिमार्फत, जिविस र जिल्ला दैवी प्रकोप उद्धार समितिलाई दिने | • क्षति विश्लेषण कार्यदलबाट भए[को] कार्य र क्षतिको अवस्थाको जानकारी लिने<br>• विपद्पछि उत्प[न्न] भएको थप सङ्कटासन्नता जनजीवनमा पर[ेको] असरको समीक्षा गर्ने<br>• जनजीवनमा पर[ेको] असरअनुसार पूर्वतयारीका कार्यलाई निरन्त[र] दिने |

| | | |
|---|---|---|
| • विपद् जोखिम व्यवस्थापनसम्बन्धी ज्ञानवर्द्धक सामग्रीको खोजी गरी समुदायमा उपलब्ध गराउने<br>• आपत्कालीन समयमा चाहिने निकायको फोनको सूची तयार गरी समुदायका सबै सदस्यलाई उपलब्ध गराउने<br>• जनचेतना अभिवृद्धिका सामग्री जिल्ला र केन्द्रबाट सङ्कलन गरी जनचेतना अभियानमा हुने खर्च कटौती गर्ने | • विपद्बारेको समाचार तथा सूचना सञ्चारमाध्यम वा पत्रकारलाई उपलब्ध गराउने | |
| **२. खोज तथा उद्धार कार्यदल** | | |
| • विपद्बाट विस्थापितलाई राख्नको लागि सुरक्षित स्थानको पहिचान गर्ने<br>• उद्धारका लागि आवश्यक पर्ने सामग्रीको बन्दोबस्त गर्न स्थानीय प्रहरी, नेपाली सेना, जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी सहयोग माग गर्ने<br>• उद्धारका लागि नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गर्ने<br>• बाढी र पहिरोको समयमा उद्धार गर्न सक्ने समुदायका सदस्यको पहिचान गरी उनीहरूको सम्पर्क नम्बर अध्यावधिक राख्ने<br>• उद्धारकर्मीका लागि तालिमको व्यवस्था गर्न गैसस, नेपाल रेडक्रस, प्रहरी र सेनासँग समन्वय गर्ने | • विपद् हुने मौसममा खोज तथा उद्धारको लागि तयारी अवस्थामा रहने<br>• सूचना तथा पूर्वचेतावनी कार्यदलको सूचनाका आधारमा अति जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा लैजाने<br>• त्यस्ता परिवारको महत्वपूर्ण सम्पत्ति र पशुधनको रक्षा तथा उद्धार गर्ने<br>• समुदायमा रहेका महिला, अपाङ्ग, बूढाबूढी, गर्भवती तथा सुत्केरी महिलाको सूची तयार गरी मूल समितिलाई दिने र सहयोगको प्राथमिक सूचीमा राख्न आग्रह गर्ने | • उद्धार गरिएका व्यक्ति, धनसम्पत्ति, पशुधनको सूची तयार गरी मूल समितिलाई दिने<br>• विपद्मा परेर हराएका वा मृत्यु भएका मानिस र घरपालुवा पशुको सूची तयार गरी मूल समितिमार्फत सुरक्षा निकाय र गाविसलाई उपलब्ध गराउने<br>• उद्धार समग्री पुनः यथास्थानमा राख्ने |
| **३. राहत व्यवस्थापन तथा पुनःस्थापन कार्यदल** | | |
| • समुदायस्तरबाट उपलब्ध हुने राहत सामग्री सङ्कलन र भण्डारनको व्यवस्था गर्ने<br>• सामुदायिक विपद् व्यवस्थापन कोषको स्थापना गर्ने<br>• राहत सामग्री प्रयोग नभएमा त्यस्तो सामग्री नियमानुसार बिक्री गरी प्राप्त रकम कोषमा जम्मा गर्ने<br>• पूर्ण रूपमा विस्थापित हुने परिवारलाई बसोबासको व्यवस्थाका लागि सार्वजनिक जग्गाको पहिचान गरी त्यस्तो जग्गा उपयोग गर्न गाउँपालिका र गाउँ विकास समितिमार्फत सम्बन्धित निकायसँग अनुमति लिने प्रक्रिया अघि बढाउने | • सही समयमा कार्ययोजनाअनुसार राहत व्यवस्थापन गर्ने<br>• जिल्लाबाट प्राप्त अनुदान वा राहत वितरणमा जिल्लाको कार्यदललाई सहयोग गर्ने<br>• स्थानीय विपद् व्यवस्थापन समितिसँग सहमति लिएर अन्य आवश्यक कार्य गर्ने<br>• | • विस्थापित भएर पुनःस्थापन हुन नसकेका परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्थाका लागि पहल तथा पैरवी गर्ने<br>• पुनःस्थापना हुन सक्ने परिवारको घर मर्मतसम्भारको लागि पहल गर्ने र |



रमेश राई
प्रशासकीय अधिकृत

अध्यक्ष
उदयपुरगढी गाउँपालिका

| | | |
|---|---|---|
| • विस्थापितलाई सुरक्षित राख्ने स्थानको लागि उद्धार कार्यदलसँग समन्वय गरी सुरक्षित स्थानको पहिचान गर्ने<br>• स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा आवश्यक कार्य गर्ने | | सहयोगका लागि जिल्ला दैवी प्रको उद्धार समितिला स्थानीय विपद् व्यवस्थापन समितिमार्फत सिफारिस गरी पठाउने |
| **४. प्राथमिक उपचार, स्वास्थ्य तथा सरसफाइ कार्यदल** | | |
| • विपद्को समयमा घाइतेको उपचारको लागि प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने<br>• विपद् नभएमा प्राथमिक उपचार सामग्रीको समय बाँकी रहँदै प्रयोग गरी पुन: नयाँ सामग्री तयारी अवस्थामा राख्ने<br>• स्थानीय स्वास्थ्य चौकीसँग समन्वय गरी आवश्यक सामग्री माग गर्ने<br>• स्थानीय तहमा एम्बुलेन्स उपलब्ध भएमा सोको मर्मतसम्भार गरी दुरुस्त राख्ने व्यवस्था मिलाउने<br>• स्वास्थ्य र सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गरी विपद् पहिले र पछि हुन सक्ने महामारी तथा जनस्वास्थ्यसम्बन्धी समस्यावारेमा जनचेतना अभिवृद्धि गर्ने<br>• जनचेतना अभिवृद्धिको लागि जिल्ला जनस्वास्थ्य कार्यालय र अन्य स्वास्थ्यसंस्थासँग सहयोग माग गर्ने<br>• स्वयंसेवकहरूलाई विपद् र महामारीवारे अभिमुखीकरण गर्ने | • घाइतेको तत्काल उपचार गर्न उद्धार कार्यदलसँगै विपद् प्रभावित क्षेत्रमा जाने<br>• घाइतेको प्राथमिक उपचार गरी आवश्यक परेमा स्वास्थ्यसंस्थामा पठाउने | • विपद्पछि फोहोरमैला व्यवस्थापनका क गर्ने<br>• विस्थापित बसेका स्थानमा सरसफाइका कार्यलाई नियमि रूपमा सञ्चालन गर्ने<br>• महामारीजन्य रोगहरूको नियमि निगरानी गर्ने र सम्बन्धित निकायलाई जानकारी दिने<br>• स्वास्थ्य, सरसफा र जनस्वास्थ्यसम्ब जनचेतना अभिवृ गर्ने |
| **५. क्षति तथा आवश्यकता विश्लेषण कार्यदल** | | |
| **क्षति विश्लेषण**<br>• विपदपूर्व नै जनधनको हुन सक्ने क्षतिको विवरण सङ्कलन गर्ने ।<br>• सम्भाव्य क्षति विश्लेषण नमुना फाराम तयार गर्ने ।<br>• क्षति विश्लेषण स्वयंसेवकहरूलाई तालिम दिने ।<br>• क्षति विश्लेषण स्वयंसेवकहरूलाई तयारी अवस्थामा राख्ने । | • विपद्बाट भएको क्षतिको लेखाजोखा गरी आपत्कालीन सहयोगको आवश्यकता पहिचान गर्ने<br>• उपलब्ध सूचनाका आधारमा सहयोगका लागि स्थानीय विपद् व्यवस्थापन समितिमार्फत सम्बन्धित निकायलाई उपलब्ध गराउने | • क्षतिको विस्तृत विश्लेषणका लागि सङ्कलन गर्ने ।<br>• गरिएको कामको समिक्षा गरी का कमजोरीहरूलाई पत्ता लगाउने । |



CamScanner

## अनुसूची ५ : ऐतिहासिक समय रेखा :

| क्र.स | प्रकोपको नाम | साल र महिना | स्थान | क्षति (मानवीय, भौतिक, आर्थिक) | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरू |
|---|---|---|---|---|---|
| १ | बाढी | २०५७ | बाहुनीटार | १ जनाको मृत्यु | राहत वितरण |
| | | २०७८ | गाँउपालिका वार्ड नं. ६ धप्पर, तीनटाट्ने | २ जना घाइते, ४ घर बगाएको<br>४ किरना पसल बगाएको, १० घर डुवान,<br>धान खेत बगाएको | विस्थापितहरुलाई राहत वितरण र अस्थायी आवास निमार्ण |
| | | २०४१ | हजारे, बाहुनीटार | ४ जनाको मृत्यु,<br>१ पुल बगाएको | ह्त वितरण र अस्थायी आवास निमार्णमा सहयोग |
| | | २०४२ | वडा नं. ७ | २५ घर बगाएको र जग्गा कटान | राहत वितरण |
| | | २०५० | वडा नं. ४ | जनावर बगाएको र जग्गा कटान | |
| | | २०७० | वडा नं. ४ | घर पालुवा जनावर बगाएको | |
| | | हरेक वर्ष | ग.पा भरी | जग्गा कटान | |
| | | २०७६ | गा.पा. | १ जनाको मृत्यु, जग्गा कटान र १० घर बगाएका | राहत वितरण |
| २ | आगलागी | २०७८ | वडा नं. १ शिखरपुर | १ जनाको मृत्यु<br>१३ घर जलेका<br>४ करोड बरावरको क्षति | राहत वितरण र अस्थायी आवास निमार्ण |
| | | २०७५ | वडा नं. ६ नेपालटार | १ जनाको मृत्यु<br>११ घर जलेका | राहत वितरण र अस्थायी आवास निमार्ण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २ करोड बराबरको क्षति | |
| | | २०७४ | वडा नं. ७ | १ जनाको मृत्यु | राहत वितरण |
| ३ | हावाहुरी | २०७८ | वडा नं. ४ डुम्रे | ४ घरको छानो उडाएको<br>२ लाख बराबरको क्षति | राहत वितरण र अस्थायी आवास निमार्ण |
| ४ | चट्याङ | २०७९ | वडा नं. ४ डुम्रे | १ जनाको मृत्यु | उपचार तथा राहत वितरण |
| | | हरेक वर्ष | ग.पा भरी | १-२ जनाको मृत्यु हुने गरेको | |
| ५ | सडक दुर्घटना | २०७७ | वडा न ७ नागवेली | १ जनाको मृत्यु | उपचार तथा राहत वितरण |
| | | २०७७ | वडा न ८ अधेरी | २ जनाको मृत्यु | उपचार तथा राहत वितरण |
| | | २०७७ | वडा न ६ दनुवारवेशी | २ जनाको मृत्यु | उपचार तथा राहत वितरण |
| ६ | पहिरो | २०७७ | वडा नं. ४ | २ घरमा क्षति | राहत वितरण |
| | | २०७८ | वडा नं. ४ र ६ | २ घरमा क्षति | राहत वितरण |
| | | २०७८ | उ.गा.पा.६ वर्गे-सोलिढुङ्गा | सडक अवरुद्ध | सडक मर्मत |
| | | २०७८ | उ.गा.पा.१ थाक्ले-श्रीवानी | खानेपानीको मुहान भत्काएको | खानेपानीको मुहान मर्मत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उ.गा.पा.३ तामाडाँडा-चिसापानी | घर तथा अन्न वाली | राहत वितरण |
| | | २०५६ | वडा नं. ४ डुम्रे | १ जनाको मृत्यु | उपचार तथा राहत वितरण |


स्रोत : उदयपुरगढी गाउँपालिका र प्रहरी कार्यालय




रमेश राई प्रमुख प्रशासकीय अधिकृत

माल बहादुर कार्की मगर अध्यक्ष उदयपुरगढी गाउँपालिका

## अनुसूची ६: प्रकोप सङ्कटासन्नता क्षमता तथा स्रोत नक्सा : वडा न १



## वडा न २







रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर कोढाकी मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

## वडा नं. ३





रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर कोहाकी मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

वडा न ४


## उदयपुरगढी वडा चार को नक्सा




रमेश राई
प्रशासकीय अधिकृत

मान बहादुर कोइराली मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

वडा न ५





मान बहादुर कोफ्लाकी मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका


रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

## वडा न ६

उदयपुरगढी वडा छ को नक्सा




## वडा न ७




मान बहादुर केप्छाकी मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

वडा नं ८

## उदयपुरगढी वडा आठको नक्सा




रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर कोइराली मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका

## सन्दर्भ सामग्री


१. गाउँ प्रार्श्वचित्र २०७५, उदयपुरगढी गाउँपालिका

२. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८, उदयपुर

३. वार्षिक नीति तथा कार्यक्रम २०७८/७९, उदयपुरगढी गाउँपालिका

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संघीय सरकारबाट पारित)

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

६. गाँउ विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७५

७. गाँउविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७९

८. गाउँपालिकाको वेव पेज - Web page

९ . स्फियर निर्देशिका - Sphere Standards

१०.विपद् व्यवस्थापन रीाष्ट्रय रणनीति २०७५

११. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४

११. राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा २०७०

१२. विपद् जोखिम राष्ट्रिय रणनीति २०७४




मान बहादुर कार्की मगर
अध्यक्ष
उदयपुरगढी गाउँपालिका